# प्रदेश सभा

## गण्डकी प्रदेश

## दोस्रो अधिवेशन

## (बाह्रौं बैठक)

## कार्यवाहीको सम्पूर्ण विवरण

## मिति : २०७५/०२/२९ दिनको १:०० बजे

प्रदेश सभा, प्रदेश नं ४ को दोस्रो अधिवेशनको आजको बैठकको कार्यवाही माननीय उपसभामुख श्री श्रृजना शर्माको अध्यक्षतामा दिनको २ बजेर ४४ मिनेटमा प्रारम्भ भयो।

### माननीय सभामुख

माननीय सदस्यहरु, आजको बैठकको कारवाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरु, अब माननीय प्रदेश प्रमुखले मिति २०७५ जेठ २५ गते सभामा प्रस्तुत गर्नुभएको र सोही दिन माननीय मुख्यमन्त्री श्री पृथ्वी सुब्बा गुरुङले सभा समक्ष टेबुल गर्नु भएको आर्थिक बर्ष २०७५/७६ सालको बार्षिक नीति तथा कार्यक्रम माथि छलफल हुन प्रारम्भ हुन्छ ।

सर्वप्रथम माननीय श्री मायानाथ अधिकारीलाई छलफलमा भाग लिन समय दिन्छु ।समय ५ मिनेट ।

### माननीय श्री मायानाथ अधिकारी

माननीय सभामुख महोदय , सम्मानित प्रदेश सभामा मुख्यमन्त्री मन्त्रिपरिषदको कार्यालय प्रदेश सरकार प्रदेश नं ४ को तर्फबाट माननीय प्रदेश प्रमुख बाबुराम कुँवरज्युले नीति तथा

कार्यक्रम सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गर्नुभएको थियो। त्यो नीति तथा कार्यक्रमको उपर छलफल भैरहेको छ ।म सर्वप्रथम यो सम्मानित सदनमा माननीय सभामुख नेत्रनाथ अधिकारी माननीय टेक बहादुर घर्तीको शिघ्र स्वास्थ्यलाभको कामना गर्न चाहन्छु।हामीले विगत लामो समयदेखि सबैखालका विभेद सबैखालका वञ्चितिकरण र असहिष्णुतालाई अन्त्य गर्न आन्दोलन गर्दै आएका हौं।संघर्ष गर्दै आएका हौं। समाजमा समानताको स्थापनाको निम्ति, सबै वर्ग क्षेत्र लिङ्ग जाति सबैको पहुँच र प्रतिनिधित्वको लागि हामीले संघर्ष गरेका थियौं।त्यहि संघर्षको उपलब्धीको रुपमा २०७१ साल २०७२ सालमा हामीले संबिधान सभा मार्फत संबिधान निर्माण गरेका छौं त्यो संबिधान हामी सबैको पुँजी हो । सबै जातिको हो, सबै वर्गको हो, सबै समुदायको हो, सबै क्षेत्रको हो, सबै लिङ्गको हो, हामी सबैको हो, सबै नेपालीको हो।सबै नेपालीको अधिकार सुनिश्चित हुनेगरि त्यो संबिधानमा उल्लेखित गरिएको छ त्यल्लाई व्यवहारमा कार्यान्वयन गर्ने दौरानमा हामीले स्थानीय तहको निर्वाचन, प्रदेश सभा र संघको निर्वाचन सम्पन्न गरेर संघीयतालाई कार्यान्वयन गर्ने चरणमा हामी अगाडि बढिरहेका छौं ।प्रदेश सभा जो हामी सम्मानित सदनमा छौं यसलाई हामीले स्थापित गरेर संघियताको कार्यान्वयनको सन्देश पनि हामीले दिएका छौं ।माननीय प्रदेश प्रमुखले प्रस्तुत गर्नुभएको नीति र कार्यक्रममा ती सबै कुरा कुनैपनि विभेद कुनैपनि खालको  विभेद र असहिष्णुतालाई अन्त्य गरिनेछ भन्नेकुरा प्रति प्रतिबद्धता जनाइएको छ।यो आफैंमा संबिधानसम्मत र एकदम सकारात्मक कदम कुरा हो भन्ने मलाई लाग्दछ यस्तै सरकारले नै आफ्नो नीति तथा कार्यक्रममा सुशासन विकास र समृद्धिलाई महत्व दिएको छ।हाम्रो देश अहिलेसम्म पछाडि परेको के कारणले नेपाल कम्युनिष्ट पार्टी सरकारमा आउँदैमा सबै छु मन्तर कि वाचा हुन्छ भन्ने होइन मुख्य कुरा इच्छाशक्ति हुनु पर्‍यो इच्छाशक्ति हुनु पर्‍यो मुख्य कुरा योजना हुनु पर्‍यो ।अहिले सम्म देश कुशासन कुशासन भ्रष्टाचारले देश गन्जागोल भयो देश पछाडि पर्‍यो त्यसकारण हामीले खोजेको सुशासन हो विकास र समृद्धि हो यो सरकारले सुशासन र विकास समृद्धिको निम्ति पनि प्रतिबद्धता जाहेर गरेको छ।हामी आशा गर्छौं आगामी दिनमा भ्रष्टाचार हट्दै जानेछ। भ्रष्टाचारको शुन्य सहनशिलताको स्थापित गर्ने काममा सरकार सक्षम हुनेछ। विकास र समृद्धिको जुन गोरेटो अगाडि ल्याएको छ एउटा भनाई छ हजार पाइला हिड्नु भन्दा पहिला

एक पाइलाबाट अगाडि शुरु गर्नुपर्छ भने जस्तै कमरेड माओत्सेतुङले भन्नु भएजस्तै यो सरकारको नीति तथा कार्यक्रमले के सन्देश दिएको छ भने हजार पाइला पुरा गर्नु भन्दा पहिला एक पाइला शुरु गर्दा नै बिहानको घामले नै दिनको सन्देश दिन्छ भनेजस्तै सरकारको नीति कार्यक्रमले यो प्रदेशको समृद्धि र विकासको सन्देश दिएको छ।अब साँच्चै नै विकास र समृद्धिको बाटो खुल्या छ।अब यो सरकारको नेतृत्वमा हामी सबै मिलेर सत्तापक्ष प्रतिपक्ष हामी सबै मिलेर यो प्रदेशको विकास र समृद्धिको निम्ति अगाडि बढ्ने छौं। सरकारको जुन नीति कार्यक्रम छ त्यल्ले दलित, पछाडि परेको समुदाय, पछाडि परेको क्षेत्र, सबै जिल्ला, सबै ठाउँ चाहे त्यो पर्यटकिय ठाउँ होस धार्मिक ठाउँ धार्मिक स्थलहरु चाहे त्यो ताल तलैयाहरु हुन् अथवा विकासका जुनसुकै सम्भावनाका ठाउँहरु हुन् ति सबै ठाउँहरुलाई सम्बोधन गरको छ।त्यो सम्बोधन गरेको कुरालाई कार्यान्वयन गर्न सक्यौं भने त्यस चुनौतीलाई सामना गन सक्यौं भने वास्तवमा हामीले समृद्ध प्रदेश बनाउन सक्छौं। अन्तमा म भन्न चाहन्छु जुन नीति कार्यक्रम छ आगामी बजेटमा यी सबैलाई सम्बोधन हुनेछन् र यसलाई हामीले व्यवहारमा कार्यान्वयन गर्ने कुरामा अगाडि बढ्नेछौं ।प्रतिपक्ष जिम्मेवार छ, सत्तापक्ष

(**माननीय सभामुख ज्युबाट समय सकिएको जानकारी)**

पनि जिम्मेवार बन्नै पर्छ । हामी सबै जिम्मेवार बनेर अगाडि बढौं, यहि कुरा भन्न चाहन्छु ।धन्यवाद ।

## माननीय सभामुख

माननीय श्री कृष्णचन्द्र नेपाली पोखरेललाई छलफलमा भाग लिन समय दिन्छु ।समय ५ मिनेट ।

## माननीय श्री कृष्णचन्द्र नेपाली पोखरेल

सभामुख महोदय, २०७५/२/२५ का दिन यस सम्मानित प्रदेश सभाको दोस्रो अधिवेशनका सन्दर्भमा प्रदेश सरकारले प्रदेश प्रमुख मार्फत पेश भएको नीति तथा कार्यक्रममा जानु भन्दा पहिले म माननीय सभामुख जी नेत्रनाथ अधिकारी र माननीय टेक बहादुर घर्तीजीको शिघ्र

स्वास्थ्यलाभको कामना गर्न चाहन्छु ।सभामुख महोदय,१६२ वुँदा सहितको नीति तथा कार्यक्रम बनाउन सरकारले निकै मेहनत गरेको मैले पाएँ।धैरै कुराहरु उल्लेख भएको पनि पाएँ र नीति तथा कार्यक्रम पढ्दै गर्दा हाम्रो मुलुकलाई ३० सम्म मध्यम स्तरीय बनाउने जुन लक्ष्य हो त्यो भन्दा पनि पहिल्यै बन्छ कि भने जस्तो पनि मलाई भान भयो तर सभामुख महोदय, यो नीति तथा कार्यक्रम बनाउँदै गर्दाखेरि धैरै राजनीतिक व्यक्तित्वहरु हावी भएजस्तो मैले माने। यति प्राविधिक रुपबाट टेक्निकल व्यक्तिहरु भएको भए मलाई लाग्छ यो जुन ५ बर्ष भित्रमा अहिलेको प्रतिव्यक्ति आयलाई जो अहिले १ लाख २ हजार ७ सय ६७ छ। ५ बर्षमा २५ सय अमेरिकी डलर बनाउने जुन एउटा उद्घोष गरिएको छ। त्यस्तै २२ सम्ममा २० लाख पर्यटकहरुलाई भित्र्याउने कुरा गरिएको छ।यस्तै धैरै एम्बिसियस कुराहरु छन्।सभामुख महोदय, २० लाख पर्यटक आउने कुराको आधार हामीले बनाउन सकेका छौं।त्यो प्रोडक्ट हामीसित छ।२० लाख पर्यटकहरु यो अन्तराष्ट्रिय एयरपोर्टमा उत्रिए सभामुख महोदय, अनि वहाँहरुलाई लगेर राख्ने बस्ने इन्टरनेट आदि सुबिधा दिने यि सबै कुराहरु के हामीसँग छ? त्यो बजेटले त्यो नीति तथा कार्यक्रमले त्यो देखाउन सकेको छ। सभामुख महोदय, सकेको छैन।यस अर्थमा म के भन्न चाहन्छु भने सरकारले जो एउटा एम्बिसियस नीति तथा कार्यक्रम ल्याएको छ त्यो व्यवहारिक छैन भन्ने मलाई लाग्दछ। त्यस्तै अहिलेको सबैभन्दा जल्दो बल्दो समस्या भूमि समस्या छ भूमिहिनहरुलाई सामाजिक रुपमा चाहिं एउटा संरक्षण गर्ने भन्ने भाषा प्रयोग भएको म देख्दिन । अबिलम्ब भूमिसुधार आयोग गठन गरेर ५ बर्ष भित्रमा यो प्रदेशमा कोहि भूमिहिन रहनेछैनन् भनेर भन्न सक्न पर्ने थियो त्यस्तै शिक्षा जस्तो क्षेत्र जुन क्षेत्र अहिलेको व्यवस्था अनुसार धैरै संस्थाहरु बिद्यालयहरु स्थानीय तह अन्तरगत गाका छन् र यो जबसम्म देशको प्रदेशको शिक्षा क्षेत्र राम्रो हुँदैन राम्रो व्यक्ति शिक्षित व्यक्तिहरु हामी ल्याउन सक्दैनौ हाम्रो लक्ष्य हामी प्राप्त गर्न सक्दैनौ त्यस्को लागि कमसेकम एउटा शिक्षा आयोग सम्बैधानिक शिक्षा आयोगको यहाँ व्यवस्था हुनुपर्ने थियो तर त्यो पनि मैले देखेको छैन ।त्यस्तै ज्येष्ठ नागरिकको कुरा आएको छ दिवा सेवा केन्द्र आदी इत्यादी कुराहरु राख्नुभाको छ म भन्न चाहन्छु सभामुख महोदय, हाम्रो यहाँ माननीय मुख्यमन्त्रीजी के भन्नु भो थाहा छैन प्रधानमन्त्रीजीले ती जेष्ठ नागरिकहरुलाई ५ हजार रुपियाँ खक्रक्क तपाईंहरुको खल्तिमा

हाल्ने भनेर गर्नुभाको भाषण अहिले ताजै छ।तर ति वृद्धवृद्धाहरु ति वरिष्ठ नागरिकहरु जुन छन् उन्को बिषयमा पनि कुनै क्लियरकट कुरा गरेको यहाँ मैले देखेको छैन।सभामुख महोदय, यस्तै शहीद, वेपत्ताका परिवार, घाइते आदी इत्यादी जस्को जगमा, जस्को बलिदानले, जसका कारणले आज हामी यो अवस्थामा आएका छौं उनीहरुलाई पनि गोलमोल भाषा गरिएको छ सभामुख महोदय। कमसेकम यति वहाँहरुले भत्ता पाउने, परिवारले यति रोजगारी पाउने भन्ने किसिमबाट आउन सक्नुपर्थ्यो त्यो पनि यहाँ आएको देखिंदैन त्यस्तै मुटु , मृगौला, क्यान्सर आदी इत्यादीका कुराहरु हस्पिटल बनाउने वृहत सम्भाव्यता अध्ययन गर्ने कुराहरु आका छन् ।सभामुख महोदय, म भन्छु त्यो हैन कमसेकम यो प्रदेशले अगुवाई गरोस् कि यो प्रदेश र यी व्यक्तिहरुलाई भत्ताको रुपमा चाहिने

(**माननीय सभामुख ज्युबाट समय सकिएको जानकारी**)

हस्पिटल ५ बर्ष पछि  बन्छ उनीहरु अहिले चाहिं घाइते छन् तर त्यस अर्थमा यतापट्टी जाओस् भन्ने अनुरोध गर्न चाहन्छु र धन्यवाद । जय नेपाल ।

## माननीय सभामुख

माननीय श्री रामजी प्रसाद वराल जीवनलाई छलफलमा भाग लिन समय दिन्छु ।समय ५ मिनेट ।

## माननीय श्री रामजी प्रसाद वराल “जीवन ”

माननीय सभामुख महोदय, महान जनयुद्ध ऐतिहासिक जनआन्दोलनको आलोकमा अद्वितीय त्याग र बलिदानबाट प्राप्त हाम्रो आफनै मौलिकतामा हुर्कंदै गरेको संसदीय प्रणालीको अभ्यास अनुरुप यो सम्मानित सभामा २०७५/७६ को नीति कार्यक्रमबारे छलफलको छलफलको क्रममा छलफलको प्रक्रियामा छौं। नीति र कार्यक्रम बहुरुपी फुलहरुले सजिएको फुलबारी जस्तै छ। यो सुन्दर फुलबारी तयार गर्नुहुने माननीय मुख्यमन्त्री, प्रमुख

सचिव, सचिवज्युहरु, सरकारका अन्य मन्त्रीज्युहरु सहित सबैलाई जसरी सहयोग पुऱ्याउनु भो म बिशेष धन्यवाद दिन चाहन्छु। माक्सर्वादको गाँठी कुरा ठोस परिस्थितिको ठोस विश्लेषण नै हो। यसर्थ आजको हाम्रो आवश्यकता भनेको मुल रुपमा समृद्धि नै हो। खासगरि समृद्धि भन्दै गर्दा ३ प्रकारका समृद्धि मैले यसरि बुझेको छु। भौतिक समृद्धि भौतिक समृद्धिको हिसाबले हेर्दाखेरि भनिएको पनि छ प्रादेशिक नीति र संरचना निर्माणको बारेमा साथसाथै सडकका कुरा, यातायातका कुरा, पुल देखि लिएर स्याटलाइट शहर, एकिकृत बस्ती विभिन्न प्रयोजनका लागि भवन, स्थानीय तहसम्म इन्टरनेट, चक्रपथ, द्रुतमार्ग आदी निकै महत्वपूर्ण पनि छन महत्वाकांक्षी पनि छन् स्वभाविक रुपमा यी महत्वाकांक्षी योजनाहरु यतिबेलाको आवश्यकता हुन्। यसलाई हामीले ठिकै ढंगले बुझ्न जरुरी छ भन्ने मैले महसुस गरेको छु। त्यसपछि अर्को समृद्धि भनेको मानवीय जीवनको समृद्धि पनि हो। कुपोषण, बिषादीरहित खाना, मौसम अनुसारको नाना, भुकम्परहित छाना, प्रदुषणरहित वातावरण, खेलकुद र योग शिविर जस्ता महत्वपूर्ण बिषयवस्तुहरु उठाइएको छ सायद यसो गर्दै हामी पुगिने होला तपाईं प्रतिव्यक्ति आय २५ सय डलरमा मैले यसरी नै बुझेको छु। यो सम्भावना आवश्यकता पनि छ सम्भावना पनि देखिन्छ।त्यसपछिको अर्को न्याय अर्को समृद्धि भनेको तपाईं सामाजिक न्यायको समृद्धि, सबै प्रकारका विभेदहरुको अन्त्य, समान कामको समान ज्याला, विभेदकारी शिक्षाको अन्त्य, पहुँचको संस्कृतिको अन्त्य गर्दै आवश्यकता र दक्षताको संस्कृतिको स्थापना, सुशासन, ठुलाबडाहरुको शासनको अन्त्य गर्दै नीति पद्धति र कानुनको शासनलाई स्थापित गर्ने उद्देश्य पनि राखिएको देखिन्छ।सायद यसै प्रक्रियाद्वारा माध्यमबाट होला भ्रष्टाचारमुक्त सहनशिलताको समाज साँच्चै यो समाज निर्माण गर्नका निम्ति उठाइएका बिषयवस्तुहरु पनि बडो महत्वपूर्ण छन् भन्ने मैले अनुभुति गरेको छु। त्यस्का अतिरिक्त सिङ्गो प्रदेशलाई सन्तुलित हिसाबले समृद्धिको दिशातिर लानका निम्ति निकै मेहनत गरिएको छ यो सकारात्मक छ ।यो सकारात्मक नीति कार्यक्रम प्रति मेरो तर्फबाट म पूर्णरुपमा समर्थन गर्न चाहन्छु ।साथै

(**माननीय सभामुख ज्युबाट समय सकिएको जानकारी)**

क्षेत्र विकास कोषको कुरापनि यहाँ राख्न आवश्यक थियो त्यो राखिएको छैन मैले यसो भन्दै

मेरा भनाईहरु यहिं अन्त गर्न चाहन्छु । धन्यवाद ।

## माननीय सभामुख

माननीय श्री कृष्ण थापालाई छलफलमा भाग लिन समय दिन्छु ।समय ५ मिनेट ।

## माननीय श्री कृष्ण थापा

माननीय सभामुख महोदय, जेठ २७ गते एउटा प्रक्रियमा जुन एउटा बालजिरहका कारणले यो सदनमा जुन किसिमको एउटा दुखद घटना घट्यो वास्तवमा यो धैरै दुखदपूर्ण छ। अर्थमन्त्रीज्यु टेबुलमा आफ्नो बिधेयक प्रस्तुत गर्न आउँदा जुन किसिमको यहाँ दृष्य देखियो हामीलाई भित्रभित्रै मन लाग्यो संघीयताको यो कार्यान्वयन राम्रै प्रकारले भएको छ होला भनेर हामी त्यो ठाउँबाट घोरिएर हेरियो । सभामुख महोदय, नीति र कार्यक्रम हाम्रो सामु प्रस्तुत भएको छ म वुँदा नं ५ मा पहिलो शब्द संघीयतामा हामी असहमति राख्दै यदि त्यो संघीयता भन्ने शब्द नराखिएको भए अरु सबै कुरा सुनमा सुगन्ध हुने थियो र त्यस्ले गर्दा म र हाम्रो पार्टीको तर्फबाट यो नीति र कार्यक्रमलाई समर्थन गर्न चाहन्छौं।हाम्रा आधारहरु भनेका पर्यटन, कृषि त्यसपछी पूर्वाधार, जलबिद्युत यिनैयिनै हाम्रा आधारहरु हुन् र यिन्लाई धैरै व्याख्यात्मक किसिमले एउटा टिप्पणी बनाइएको छ र कतिपय कार्यक्रमहरु गाउँपालिका अथवा नगरपालिका स्तरमा हेल्थपोष्टको स्थापना कालोपत्रे सडकहरुको सञ्जालसँग जोडिने कुराहरु यि धैरै सकारात्मक प्रकारका छन् र यो कार्यक्रमले निश्चितरुपमा गाउँर शहरलाई भएको जुन विभेद हो जुन दुरि हो यसले निश्चितरुपमा कम गर्नेछ र गाउँको सम्बन्ध शहरसँग पनि केन्द्रीत गर्नेछ म यो कुरा भन्न चाहन्छु र बिषेश गरेर यो कार्यक्रममा भ्रष्टाचार वास्तवमा देशमा धैरै ठुलो प्रकारले मौलाइएको छ र भ्रष्टाचारलाई नियन्त्रण गर्नका लागि एउटा संस्थागत रुपमा भ्रष्टाचार मुक्त बनाउनका लागि एउटा सञ्जाल कायम गर्नुपर्छ त्यो कुरा अलि छुटेको छ ।

हामी ८५ स्थानमा अहिले जुन सामुदायिक शिक्षा अत्यन्तै कमजोर र नराम्रो अवस्थामा छ के हामी त्यो कुराबाट आँखा चिम्लेर देशलाई समृद्धि बनाउन सक्छौं त्यसकारण व्यवस्थित किसिमले शिक्षा नीति हुन आवश्यक देखिन्छ र आर्कोतिर हामीले प्रदेशलाई उज्यालो प्रदेश

बनाउने भनेका छौं अहिले हाम्रो क्षेत्रमा र हाम्रा जिल्लाहरुमा सामुदायिक जुन बिद्युतको प्रक्रियाबाट सञ्चालित छ त्यल्ले धेरै समस्या सृजना गरेको छ र त्यल्लाई तोडेर मलाई लाग्छ त्यो केन्द्रीय बिद्युत सँग सम्बन्धित नीति बनाएर सञ्चालन गर्नुपर्ने आवश्यकता छ र त्यसपछि बैंक र सहकारी संस्थाहरुलाई नाफामुखि नभएर व्यवसायमुखी, उत्पादनमुखी र लगानीमुखी बनाउन अत्यन्तै आवश्यक छ यो कुराहरु यहाँ अलि छुटेको मैले महसुस गरें र नीति कार्यक्रम असाध्यै राम्रो भएपनि कार्यान्वयन पक्ष अर्थ नै हो त्यसकारण यो कुरामा हामी बढि सचेत हुनपर्ने अवस्था छ । धन्यवाद ।

## माननीय सभामुख

माननीय श्री मोहन प्रसाद रेग्मीलाई छलफलमा भाग लिन समय दिन्छु ।समय ५ मिनेट।

## माननीय श्री मोहन प्रसाद रेग्मी

माननीय सभामुखज्यु, प्रदेश सभा प्रदेश नं ४ को दोस्रो अधिवेशनमा माननीय प्रदेश प्रमुख श्री बाबुराम कुँवरद्वारा प्रस्तुत आर्थिक बर्ष २०७५/७६ को नीति तथा कार्यक्रम यो छलफलमा यो गरिमामय सदनमा हामी छलफलमा उपस्थित भएका छौं र हामीले यो सदनको आफ्नो भुूमिका, यसको दायित्व र प्रदेश सभालाई जनताको नजरमा साँच्चिकै एउटा गम्भिर र व्यवस्थित ढंगले सञ्चालन गर्ने र यसले प्रस्तुत गरेका सरकारले प्रस्तुत गरेका बिषयवस्तुहरुमा गम्भिर ढंगले छलफल गर्ने र जिज्ञासा राख्ने र छलफल गर्ने र त्यसलाई सहमतिका आधारमा अगाडि बढ्ने प्रक्रियामा हामी अगाडि बढिरहेका छौं र आज हामी यो नीति तथा कार्यक्रमको बारेमा चर्चा गरिरहँदा, यो प्रदेशको समृद्धिको आधार लगानीमैत्री वातावरण भनेर जुनखालको एउटा जिम्मेवार ढंगले प्रस्तुत भएको छ यसले यो प्रदेशको समृद्धिको लागि विगतमा प्रस्तुत भएको बिषेश गरेर पर्यटन, उर्जा, कृषि, उद्योग र भौतिक पूर्वाधारका क्षेत्रमा यो नीति तथा कार्यक्रमले अगाडि सारेका बिषयवस्तुहरु र यसभित्र रहेका अन्तरवस्तुहरु हामीले अध्ययन गर्दा यो प्रदेशको समृद्धि यी बिषयववस्तु भित्र प्रवेश गरेर जाँदा यो नीति तथा कार्यक्रमले समेटेको छ र अगाडि हामी बढ्यौं भने साँच्चिकै यो प्रदेश समृद्धिको साथ अगाडि बढ्छ भन्ने महसुस भएको छ ।अर्थतन्त्रलाई उत्पादनमुखी बनाउन

उत्पादनमुखी, रोजगारी प्रर्वद्धन, आत्मनिर्भर र निर्यातमुलक बनाउने जुन प्रादेशिक अर्थतन्त्रको परिकल्पना गरिएको छ यो आफैंमा महत्वपूर्ण छ ।हामी यो प्रदेशको अर्थतन्त्रको सन्दर्भमा जुन दृष्टिकोण अगाडि सारेको छ यसले अन्य प्रदेश भन्दा यो प्रदेशको विशिष्टताको आधारमा हामी अगाडि जान सक्छौं र यो संरचनाका आधारमा अगाडि बढ्दा हामी लक्ष्यमा पुग्न सक्छौं भन्ने यो नीति तथा कार्यक्रमले प्रस्तुत गरेको छ मलाई यस्तो लागिरहेको छ।यतिमात्र होइन समाजवाद अर्थतन्त्रले जनताको जीवनस्तरमा परिवर्तन ल्याउँछ त्यो खालको दृष्टिकोण प्रस्तुत गरेको छ यो नीति तथा कार्यक्रमले यसले पनि जनता विशेष गरेर आधारभुत तहका जनताको उत्साह छ र यसलाई यसरी नियालेर हेरिरहेका छन् भन्ने मैले महसुस गरेको छु।त्यतिमात्र होइन प्रादेशिक नीति तथा संरचना निर्माणको यो बर्ष भनेर जुन खालको प्रस्तुत भएको छ मलाई लाग्छ हामी संस्थागत ढंगले व्यवस्थापनको हिसाबले नीति निर्माण गर्ने र हामी अगाडि जाने जुन बाटो तय गरेको छ र यो अहिलेको महत्वपूर्ण बिषय हो यसले भोलिका दिनहरुलाई सहजीकरण गर्दै जाने छ र स्थानीय तह र साझेदारी कार्यक्रमको रुपमा जुन खालको नीति अगाडि सारेको छ यसले हाम्रो बिचको सम्बन्ध सहकार्य अगाडि बढ्ने छ सार्वजनिक निजी सहकारी र

(**माननीय सभामुख ज्युबाट समय सकिएको जानकारी**)

सामाजिक क्षेत्रको सहभागिता महत्वपूर्ण पक्ष हो भन्ने मलाई लाग्छ यि सबै कुराले यो नीति तथा कार्यक्रम सान्दर्भिक छ र यो महत्वपूर्ण छ यसले जनताको

(**माननीय सभामुख ज्युबाट समय सकिएको जानकारी**)

समृद्धि गर्छ भन्ने मलाई लाग्छ । धन्यवाद ।

## माननीय सभामुख

माननीय श्री मणिभद्र शर्मालाई छलफलमा भाग लिन समय दिन्छु।समय ५ मिनेट।

## माननीय श्री मणिभद्र शर्मा

सभामुख महोदय, हाम्रो नीति तथा कार्यक्रमको सन्दर्भमा यो कार्यक्रम केही कुराहरु संबैधानिक प्रावधानहरुलाई सम्मान गरेको, सुशासन कायम गराउन खोजिएको, संघीयतालाई बलियो पार्न खोजेका कुराहरु राम्रा छन् जुन संघीयतालाई राम्रो पार्न खोज्दा हामी आएर बोल्न पाउने वातावरण बनेको छ यो मौका पाका छम् हाम्ले त्यल्लाई गौरव पनि गर्नुपर्छ तर यो टोटल्ली यल्लाई टोटल्ली समग्रमा भन्नुपर्दा दुइटा कुरामा अल्मलिएको छ। यो छ महिनाको बिचमा हामीले मुख्यमन्त्रीज्युबाट, अर्थमन्त्रीज्युहरुबाट ज्युबाट आएका पत्रहरुलाई बिष्लेषण गर्दा प्राथमिकता तोक्ने क्रममा अन्यौलमा छ।कहीं पर्यटनलाई प्राथमिकता भनिएको छ कहीं भौतिक पूर्वाधार विकासलाई प्राथमिकता भनिएका छन् पेपरहरुमा पनि यसमा पनि त्यो क्लियर छैन मेरो आफनो विचारमा भौतिक पूर्वाधारलाई हामीले प्रथमिकता राख्नुपर्छ यो प्रदेशको सिङ्गो प्रदेशको यथार्थता हो।पोखराको मात्रै यथार्थता पर्यटन प्रथमिकता हो तर सिङ्गो प्रदेशको प्राथमिकता के हो भन्दा भौतिक विकासको पूर्वाधार हो।यसमा अलिकति खटपट खटपट छ अल्मलिएको छ यो गएका ६ महिनामा आएका चारओटा पत्रहरुले मैले समिक्षा गरें यहाँ यो कुराहरु संकेत गरें अर्को कुरा पोखरा विमानस्थललाई यहाँ राम्रो अलि फुर्तिका साथ यहाँ व्याख्या गर्न खोजिएको छ यो त राष्ट्रिय केन्द्रीय सरकारले संघीय सरकारले आफ्नो राष्ट्रिय गौरवको योजनामा अंकित गरिसकेकै छ अ यल्लाई बरु भैरहवा सित दाँजेर हेऱ्यो भने भैरहवामा त्यहाँ प्रति स्क्वायर फिट कुन दररेटमा काम भैराखेको छ र यहाँ कति भैराखेको छ यहाँ कुन दरको भैराखेको छ त्यहाँभित्र कति भ्रष्टाचार हुँदैछ बरु त्यतातिर हामी सचेत भएर खोज्ने हो भने एउटा अर्थ लाग्ला बरु हाम्रो सरकारले त्यता ध्यान दिओस् भन्ने आग्रह पनि म गर्न चाहन्छु यो अलिकति ५ बर्षे कार्यक्रम फेरि आजभोलि अर्को चुनाव हुँदैछ कि जस्तो त्यो घोषणा पत्र जस्तै जस्तै ५ बर्षमा यो गरिने छ यस्तो यस्तो कुराहरु यहाँ बढि फोकस गरिएको छ।कंक्रिट एक बर्षमा गर्ने कार्यक्रम तोकेर यहाँ भन्न अलि अलमलाइएको छ। कृषिको कुरा गर्दा मैले कृषिमा कृषिको विकास साँच्चै कृषिको विकास गर्ने हो भने जमिन र कृषिको बहुत ठूलो अन्तरसम्बन्ध छ। कृषिलाई चाक्लाबन्दी गर्न नदिने अहिलेसम्मको भुमि नीति छ जब व्यवसायिक रुपमा कृषि प्रणालीलाई हामीले नलैजाने हो भने हिजोको जस्तै गाउँघरमा केरे एक हल खेत दुई हल मकैबारी दश आठ रोपनी खरबारी अनि गुजारा प्रणाली तिन महिना चार

महिना खान पुग्ने अनि नपुग्ने खेती गर्दै जाँदाखेरि पनि अहिले त खेती नै गर्न छोडिएको छ त्यो पनि व्यवसायिक रुपमा किसान खेती गर्न पाउने वातावरण बनाउनका लागि जमिनलाई चाक्लाबन्दी गर्न दिनुपर्छ जमिनको क्षेत्रफलको सीमाहरु जो अहिलेको व्यवस्था छ त्यसमा कहिंपनि छुनै खोजिएको छैन त्यता ध्यानै पुगेको छैन ।अर्को कुरा यो वातावरणलाई स्वच्छ पार्ने कुरा छ हाम्रो यो पुराणहरुमा एउटा वैद्धिक वैद्धिक एउटा वातावरण स्वच्छ पार्ने प्रणाली छ हमन गर्ने ठुला ठुला यज्ञ गरेर हमन गरेर माथिको वायुमण्डल शुद्ध गर्ने अनि त्यो बाट परेको पानीले राम्रो अन्न फल्छ भन्ने एउटा वैद्धिक वातावरण गर्ने एउटा व्याख्या छ हाम्रो पुराणहरुमा सारा विश्वभरि त्यो खतम भइराखेको छ अहिले ती प्रणालीहरु फ्रान्सले अहिले एउटा प्रयोग गरेच त्यो हमन गरेर साँच्चै वायुमण्डल शुद्धिकरण गरेर प्रयोग गरेर लिएर आइराखेको छ। ति वैज्ञानिक वैद्धिक प्रणालीहरु लिएर आयो भने हामी वातावरण ठिक गर्न सक्छौं

(**माननीय सभामुख ज्युबाट समय सकिएको जानकारी**)

भन्ने मलाई लाग्छ। यसरी हामीले यल्लाई यो समग्रमा यो हाम्रो नीति तथा कार्यक्रमलाई हामीले विष्लेषण यो भर्खरै चुनाव हुन खोजेजस्तै

(**माननीय सभामुख ज्युबाट समय सकिएको जानकारी**)

छ र यल्ले कंक्रिटमा यो बर्षभरिको कुरा ल्याको छैन संबैधानिक केही कुराहरुलाई अलिकति जोड गरेको हुनाले सामान्य रुपमा राम्रै पनि भन्नुपर्छ संघीयता नलरबराओस भनेर चिन्ता गर्ने साथीहरुलाई पनि हामीले दरो बनाएर लिएर गएर विश्वास दिलाउनु पर्छ यिनै कुराहरु राख्दै आफ्ना भनाई अन्त्य गर्दछु । धन्यवाद । जय नेपाल ।

## माननीय सभामुख

माननीय श्री मधुमाया अधिकारी गुरुङलाई छलफलमा भाग लिन समय दिन्छु ।समय ५ मिनेट ।

## माननीय श्री मधुमाया अधिकारी गुरुङ

माननीय सभामुख महोदय, माननीय प्रदेश प्रमुख बाबुराम कुँवर कुँवरले यहि जेष्ठ २५ गते २०७५/७६ को बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्नु भएको छ ।उक्त प्रस्तुत नीति तथा कार्यक्रमको सन्दर्भमा हामीले छलफल गर्दैछौं । सभामुख महोदय, ४ नं प्रदेशलाई साँच्चै गरिबी, अशिक्षा, अशिक्षा, उत्पिडनबाट मुक्त गराउने उद्देश्यलाई हामीले गम्भिरतापूर्वक लियौं भने र समाजमा समाजमा हामी सचेत नागरिक हौं र हाम्रो कर्तव्य हो भन्ने ठान्ने ठानेका छौं भने प्रस्तुत नीति कार्यक्रम असाध्यै ओजिलो ढंगबाट प्रस्तुत भएको छ र समाजमा रहेका गरिबी गरिब दलित महिला जनजाति सबैको सम्बोधन गरेको छ र अहिले सम्मको जो विकासको कुरा गर्ने हो भने चाहे त्यो गैरसरकारी संघ संस्था होस चाहे सरकारी सरकारको नीति कार्यक्रम होस यो असाध्यै शहरमा केन्द्रीत हुने र रिमोट इलकाहरुमा केन्द्रीत हुने र दुर दराजका बस्तीहरुमा नजाने जो परम्परा थियो यस्को पनि यो नीति कार्यक्रमले अन्त्य गरेको छ चाहे त्यो कृषि क्षेत्रमा रहेका किसान मजदुर लगायतका विकासका कुरा नीतिका कुराहरु हुन् तिनीहरुलाई हेर्दाखेरि कृषि कार्यक्रम जो कृषि फर्म सञ्चालन गर्ने कुरा, किसानहरुलाई आधुनिकिकरण गर्ने कुराहरु, एक गाउँ एक नमुना कृषि कार्यक्रम सञ्चालन गर्ने कुराहरु हुन हरेक कुराहरु यो असाध्यै दुर दराजका बस्तीहरुलाई समेटेर बनाइएको छ त्यसैगरि शिक्षा स्वास्थ्यका कुरा गर्ने हो भने शिक्षा भनेको नागरिकहरुको अधिकारको कुरा हो र सबै नागरिकहरु शिक्षित भए भने वास्तवमा देश समाज शिक्षित हुनेछ र देश शिक्षित हुनेछ भन्ने कुरा पनि यो सबै नागरिकले शिक्षामा पहुँच पुऱ्याउने कुरा गरेको छ र महिलाहरुको सन्दर्भमा कुरा गर्ने हो भने लैङ्गिकपूर्ण जो भेदभाव छ यसको पनि अन्त गर्नको निम्ति आजसम्म थुप्रै महिलाहरुले महिला अधिकारका निम्ति कुरा गरे र समान कामको लागि समान ज्याला प्राप्त गर्नको निम्ति थुप्रै योद्धाहरुले वीरगति प्राप्त गरेका छन् यो अहिले यो नीति कार्यक्रममा उल्लेख गरेको छ तसर्थ हामी सम्पूर्णमा हाम्रो यो अधिकार अथवा यो नीति कार्यक्रमलाई कार्यान्वयन गर्ने कुरामा एक दत्तचित्तका साथ अगाडि लागिपऱ्यौं भने वास्तवमा प्रदेशलाई यो ४ नं प्रदेशलाई नमुना बनाउन सक्नेछौं र यो नीति तथा कार्यक्रम राम्रो छ मुख्य कुरा यो प्रदेशका सबै सदस्यहरुले आफनो कर्तव्य सम्झिने कुरा र सरकारले सबै सदस्यहरुको सफलता नै हाम्रो सफलता हो भन्ने कुरालाई हामीले अन्तरसम्बन्धित ढंगबाट हेऱ्यौं भने यो नीति कार्यक्रम राम्रो छ भन्ने बिषयवस्तु

राख्दै विदा हुन्छु ।

हवस् त धन्यवाद ।

## माननीय सभामुख

माननीय श्री कृष्ण बहादुर थापालाई छलफलमा भाग लिन समय दिन्छु।समय ५ मिनेट।

## माननीय श्री कृष्ण बहादुर थापा

माननीय माननीय सभामुखज्यु, आज हाम्रो यस सम्मानित सभामा प्रदेश सभा प्रदेश नं ४ को दोस्रो अधिवेशनमा माननीय प्रदेश प्रमुख श्री बाबुराम कुँवरबाट प्रस्तुत आर्थिक बर्ष ०७५/७६ को नीति तथा कार्यक्रममा हामी छलफलमा भाग लिइरहेका चाहिं छौं र यो नीति कार्यक्रमले वास्तवमा प्रदेशको सम्पूर्ण विकास र निर्माणको सबै सम्भावनाहरुका लाई आत्मसात गरेको छ र आजको यो हाम्रो यो सभामा खुशीको कुरा केहि समय अगाडि बिरामी हुनुभएका हाम्रो यस सम्मानित सभाका सभामुख नेत्रनाथ अधिकारी जी हिजो मात्रै पोखरा आउनु भएको छ र वहाँको सम्पूर्ण सुस्वास्थ्यको लागि म शुभेच्छा व्यक्त गर्न चाहन्छु र छिटो भन्दा छिटो हामीले यो सदनमा वहाँलाई भेट्न पाउने विश्वास लिएका छौं। सभामुख महोदय, हाम्रो यो नीति कार्यक्रमले खासगरि अहिले ग्लोबली नै आत्मसात गरेको ५ वटा पी लाई हाम्रो नीति कार्यक्रमले आत्मसात गरेको चाहिं छ। पहिलो कुरा जनताको आवश्यकता पिपुल्स निड्सलाई यो नीति कार्यक्रमले आत्मसात गरेको छ।दोस्रो कुरा योजनाबद्ध विकासलाई प्लानिङ्गलाई यो नीति कार्यक्रमले आत्मसात गरेको चाहिं छ र तेस्रो पी एकखालको प्रस्पेरिटि जुन समृद्धि त्यो हाम्रो सरकारले आफ्नो अर्जुनदृष्टि राखेको समृद्धिलाई यो नीति कार्यक्रमले एकदमै आत्मसात गरेको चाहिं छ र चौंथो पी विकासको लागि चाहिने असल पार्टनरहरु पनि यो नीति कार्यक्रमले राम्रोसँग कार्यक्रमले आत्मसात गरेको छ र सबै विकास भैसकैपछि नभै नहुने जुन शान्ति हो पिसलाई पनि यो नीति कार्यक्रमले आत्मसात गरेको छ।सभामुख महोदय, र त्यस्को साथसाथै सहस्राब्दी लक्ष्य मिलिनियम गोलको लागि जुन यो सरकारले अन्तराष्ट्रिय जगतमा विश्वास दिलाएको छ त्यसलाई पनि यो नीति कार्यक्रमले आत्मसात गरेको छ र त्यसको साथसाथै मैले यहाँ

सीएफपिजी भनेर भनेको छु चाइल्ड फ्रेन्डली प्रोभिन्स गभर्नमेन्ट साँच्चै नै बालबालिकाको लागि यो नीति कार्यक्रमले राम्रोसँग सम्बोधन गरेको छ र अर्को मैले इएफपिजी भनेको छु दिगो विकासको लागि नभै नहुने जुन इन्भिरोन्मेन्ट फ्रेन्डली शासन हो त्यो पनि इन्भिरोन्मेन्ट फ्रेन्डली प्रोभिन्स गभर्नमेन्ट वास्तवमा यो नीति कार्यक्रमले त्यो कुरालाई आत्मसात गरेको छ त्यस्तै गरेर अर्को मैले पीपीएफपीजी भनेको छु पीपीएफपीजी भनेको पोर पिपुल फ्रेन्डली प्रोभिन्स गभर्नमेन्ट गरिब जनताको लागि यो नीति कार्यक्रमले राम्रैसँग आत्मसात गरेको छ। त्यस्तै गरेर वाइएफपीजी भनेर भनेको छु मैले एउटा युथ फ्रेन्डली प्रोभिन्स गभर्नमेन्ट युवाहरुको लागि धेरै सम्भावनाका ढोकाहरु यो नीति कार्यक्रमले खोलेको छ र भ्रष्टाचारमुक्त सुशासनयुक्त र भ्रष्टाचारको लागि एकखालको कठोर नीति पनि यसले लिएको छ ।सभामुख महोदय, र त्यस्को साथसाथै समाजवाद उन्मुख शासनलाई वुँदा नं ७ र ८ ले यो नीति कार्यक्रमको वुँदा नं ७ र ८

(**माननीय सभामुख ज्युबाट समय सकिएको जानकारी**)

ले रामैसँग समेटेको छ तसर्थ समग्रतामा यो नीति तथा कार्यक्रम राम्रो छ सम्पूर्ण प्रदेशका जनताको हितमा छ ।विकासको हितमा छ

(**माननीय सभामुख ज्युबाट समय सकिएको जानकारी**)

तसर्थ यो नीति तथा कार्यक्रमलाई पूर्ण समर्थन गर्दै यहाँबाट विदा हुन चाहन्छु ।धन्यवाद । नमस्कार ।

## माननीय सभामुख

माननीय श्री विन्दु कुमार थापालाई छलफलमा भाग लिन समय दिन्छु।समय ५ मिनेट।

### माननीय श्री विन्दु कुमार थापा

माननीय सभामुख महोदय, ४ नं प्रदेशको राजधानी पोखरा यो फोहरमैलाको डंगुर हुन थालिसकेको अवस्था छ यल्लाई यो डम्पिङ्ग साइट जुन १८ नं वडामा छ त्यो विस्तारै यो

क्यापासिटि फुल हुँदै गइराखेको अवस्था छ त्यसकारण यल्लाई चाहिं वेष्ट मेनेजमेन्ट प्लान्ट अथवा फोहरलाई मोहर बनाउने उद्योग स्थापना गर्नको लागि म प्रदेश सभाको सरकारलाई म अनुरोध गर्दछु। यो नीति नियममा यो नियमावलीमा आओस् भनेर र यस्को लागि महानगर अथवा स्थानीय निकायलाई पनि परिचालित गरेर यो रिसाइक्लिङ्ग प्लान्ट ल्याउनको लागि म अनुरोध गर्दछु। यो किनभने हामीले यो कम्पोष्ट मल बनाउने कारखाना स्थापना गर्ने भनि राखिएको छ यल्लाई रुपान्तरण गरेर वेष्ट मेनेजमेन्ट प्लान्ट हाम्ले ल्याउन सक्यौं भने यो विदेशी दातृ निकायबाट पनि यो सवालमा धेरै सहयोग पाउन सकिने सम्भावना धेरै रहेको हुँदाखेरि म यो अनुरोध गर्न चाहन्छु र त्यस्तै गरेर यो सार्वजनिक खरिद ऐन पनि यो समय अनुकुल परिमार्जन गर्नुपर्ने अति आवश्यक देखिएको छ। प्रदेश स्तरिय सार्वजनिक खरिद ऐन अब हामीले त्यस्को नीति ल्याउन जरुरी छ किनभने यो ठेक्दारहरुले समयमा काम नसिध्याउने र क्वालिटीको काम नहुने र ए क्लासको ठेक्दारले बी क्लासलाई टेन परसेन्ट फिप्टिन परसेन्ट मार्जिन लिएर दिने फेरि बी क्लासकोले सी क्लासलाई दिने गर्दै जाँदाखेरि ठिक ठाउँमा ठिक रकम नपुग्ने हुँदाखेरि यो सार्वजनिक खरिद ऐनलाई प्रदेश स्तरीय सार्वजनिक खरिद ऐन बनाउनु पर्ने आवश्यकता मैले महसुस गरेको छु। अर्को कुरा यो पूर्वाधार विकासमा सुरुङ मार्गको दीर्घकालीन महत्व राख्दछ। यो विकसित देशहरुमा धेरै प्रचलनमा धेरै बर्ष अगाडिबाट आइसकेको छ तर हामीकहाँ यो हाम्रो पहाडी भुभाग भएको मुलुक हुँदाखेरि सुरुङ्ग मार्गको महत्वपूर्ण भुमिका छ यसको वातावरणिय हिसाबले समयको हिसाब र इन्धन खपतको हिसाबले यो जरुरी छ अर्को कुरा यो गैरआवासिय नेपालीहरुले विकसित देशहरुमा सिकेका सीप प्रविधि र पुँजीलाई आकर्षित गर्ने खालको नीति आउनुपर्छ भन्ने मलाई लाग्छ र त्यस्तै गरेर यो प्रदेशको राजधानी पोखरा यो ट्राफिक जामको समस्या पार्किङ्गको समस्या छ त्यस्तै गरेर र यो चाक्ला सडकहरुमा पनि पार्किङ्गले गर्दाखेरि बाटो साँघुरो भएको अवस्था छ र अत्याधिक सडक दुर्घटना भई बढ्दैरहेको परिप्रेक्ष्यमा यो स्थानीय निकाय सुरक्षा निकायसँग समन्वय गरेर यो अलिकति यो सुरक्षा नीति यो यो दुर्घटना न्युनिकरण गर्ने सम्बन्धी एउटा नीति पनि ल्याउन जरुरी भएको मैले देखेको छु। यिनै सुझावहरु राख्दै मेरा आफ्ना भनाई यहिं टुङ्ग्याउँछु ।

धन्यवाद । जय नेपाल ।

## माननीय सभामुख

माननीय श्री दिलमाया रोका मगरलाई छलफलमा भाग लिन समय दिन्छु ।समय ५ मिनेट ।

## माननीय श्री दिलमाया रोका मगर

माननीय सभामुख महोदय, माननीय प्रदेश प्रमुख बाबुराम कुँवरज्युबाट यो गरिमामय सभामा प्रस्तुत आर्थिक बर्ष ७५/७६ को नीति तथा कार्यक्रम माथि छलफलको क्रममा जुटेका छौं।वास्तवमा यो नीति तथा कार्यक्रम आफैंमा एउटा ऐतिहासिक सम्भावना र भावी कार्ययोजनालाई स्पष्टताका साथ लिएर आएको छ।यो एउटा ४ नं प्रदेशको दस्तावेज हो।यो नीति तथा कार्यक्रम एउटा युगान्तकारी र सुन्दर भविष्यको खोजिमा रहेको छ।हामीले यसको व्यवस्थपन कसरी गर्छौं त्यसैमा नै यसको सुन्दरता र भविष्य रहनेछ।सर्वप्रथम यो नीति तथा कार्यक्रम निकै मेहनतका साथ ल्याएकोमा माननीय प्रदेश प्रमुख र प्रदेश सरकारलाई हार्दिक धन्यवाद व्यक्त गर्दै पूर्ण समर्थन गर्न चाहन्छु। सभामुख महोदय, संघीय लोकतान्त्रिक, गणतन्त्रलाई संस्थागत गर्दै प्रदेशको विकास र समृद्धिसँगै सम्पुर्ण नागरिकलाई अधिकार सम्पन्न समान अवसर अनि मजबुत सुरक्षा व्यवस्था प्रदान गर्दै सबल र समृद्ध प्रदेश निर्माण गरि समृद्ध नेपाल र सुखी नेपालीको राष्ट्रिय अभियानलाई सार्थक र आम नागरिकलाई प्रत्याभूति हुने गरि प्रदेश निर्माण गर्ने हाम्रो संकल्प र प्रतिबद्धता यो नीति तथा कार्यक्रमले बोलेको छ। वास्तवमा यसलाई सार्थक र सफल बनाउन हामीले हाम्रा हरेक कामकारवाहीहरु कानुन सम्मत हुनु पर्दछ। हामीले कानुनको पालना गर्दै हरेक निकायमा कानुनी राज्यको प्रत्याभूति जनतालाई दिनु पर्दछ। न्याय र समानता जब सम्म जनताले प्राप्त गर्न सक्दैनन् तब सम्म हामी यो सफल हुने छैनौं जबसम्म भ्रष्टाचारमुक्त र सुशासनयुक्त समाजको हामी स्थापना गर्न सक्दैनौ तबसम्म हाम्रा नीति तथा कार्यक्रम कागजीरुपमा मात्र सिमित रहनेछन्।त्यसैले हाम्रा हरेक कार्यशैली, चिन्तन र व्यवहारमा क्रान्ति ल्याउन जरुरी छ।हामी सबैले हामी सबै सत्ताका साझेदार निकायदेखि सबैको समान सहभागिता र सक्रियताले हामी यो प्रदेशको दुरदराजका नागरिकको जीवनमा परिवर्तन र विकास र समान अवसर प्रदान गर्दै गयौं भने अवश्यपनि

यो नीति तथा कार्यक्रमले सार्थकता पाउनेछ यसमा प्रदेश सरकार र सबै जिम्मेवार निकायको उत्तिकै समन्वय र भुमिका रहने छ। सबैको विकास र विकास प्रतिको चाहना सार्थक रहनेछ। सभामुख महोदय, सबैको जिम्मेवारीपूर्ण र सक्रिय सहभागिताले यो नीति तथा कार्यक्रम पूर्णरुपमा सार्थक र सफल रहनेछ। धन्यवाद ।

## माननीय सभामुख

माननीय श्री राजीव पहारीलाई छलफलमा भाग लिन समय दिन्छु।समय ५ मिनेट ।

## माननीय श्री राजीव पहारी

माननीय सभामुख महोदय, आ.ब. ७५/७६ को नीति तथा कार्यक्रमले प्रदेश सरकार कुन पोजिसनबाट अगाडि बढ्दैछ भन्ने कुराको सुस्पष्ट लक्ष्य उद्देश्य सहितको गन्तव्यको रोडम्याप मार्गचित्र तय गरेको छ। ४ नं प्रदेशलाई कसरी समृद्ध प्रदेश बनाउन सकिन्छ यहाँको जनताको आर्थिक सामाजिक साँस्कृतिक रुपमा कसरी जीवनस्तर उठाउन सकिन्छ भन्नेकुराको सुस्पष्ट खाका छ। सरकारले आगामी आर्थिक बर्षलाई प्रादेशिक नीति तथा निर्माण बर्षका रुपमा मात्र लिएको छैन प्रत्येक बर्ष ८ परसेन्टका दरले प्रदेशको बार्षिक आय वृद्धि गर्ने ५ बर्ष भित्र प्रतिव्यक्ति आय २५सय अमेरिकी डलर पुऱ्याउने गरिबी ७ प्रतिशत झार्ने योजना अघि सारेको छ।पर्यटन, उर्जा कृषि, उद्योग, भौतिक पूर्वाधार र आर्थिक समृद्धिको युजनको रुपमा विकास गर्ने देखि कोरला देखि पोखरा र पोखरा देखि दुम्कीवास सम्मको फास्टट्र्याक निर्माणको योजनालाई प्राथमिकतामा राखेको छ। पर्यटन क्षेत्रको एकिकृत विकास गर्न स्पष्ट कार्ययोजना सहितको पर्यटन विकास, वृहत चक्रपथ निर्माण गर्ने कुरा मात्र होइन विश्वको १३ औं सुन्दर ताल फेवाताल संरक्षणको लागि बिशेष कार्ययोजना बनाउने देखि सम्पूर्ण प्रदेश भित्रका तालहरुको संरक्षण सम्वर्द्धन गर्नको लागि उच्च स्तरीय प्राधिकरण बनाउने देखि फेवा, रुपा र बेगनास ताललाई जोड्ने मोनोरेलको विकास गर्ने ३ बर्षभित्र पोखराको अन्तराष्ट्रिय विमानस्थल निर्माणलाई सुनिश्चितता गर्ने काम पनि गरेको छ र यो, यो, यो नीति तथा सभामुख महोदय, माफ गर्नुहोला ५ घण्टाको समय तपाईंले उपलब्ध गराउनु भयो भनेपनि नीति तथा कार्यक्रमको बारेमा बोल्दा त समय

पुग्दैन भने ५ मिनेटमा सबै कुरा समेटेर मैले कसरी बोल्न सक्छु । सभामुख महोदय, झट्ट हेर्दा र पढ्दा सुन्दा कसै कसैलाई महत्वाकाँक्षी योजना सहित नीति तथा कार्यक्रम आयो कि भन्ने भ्रम पर्न सक्छ तर यो पुरा गर्न सक्ने, विकासको आकाँक्षा राखेको यथार्थताको धरातलको जगमा उभिएर आएको छ, समाजवादको आधार भुूमि तय गर्न खोजेको छ त्यो दिशा तर्फ उन्मुख छ।सरकारले अझसम्म ल्याएको कार्यक्रम नीति योजना प्राथमिकताको बिषयमा कहिंकतै अल्मलिएको छैन। कतै हामी पढ्ने सुन्ने र बुझ्ने त अल्मलिएका छैनौं भन्ने मलाई लाग्छ तसर्थ यो नीति तथा कार्यक्रमको बारेमा रचनात्मक सुझाव दिनु त ठिकै हो आलोचना गर्नु भनेको सोऱ्ह सरादमा बाहिरबाट बिरालो खोजेर ल्याएर बाँधेर आफ्नो कर्म काण्डिय परम्परागत धर्म निर्वाह गर्न खोज्नु हो जस्तो मात्र लाग्छ। अब हामी सबै मिलेर यसलाई कार्यान्वयन गर्नतिर लाग्नुपर्छ।जे मा पनि शंका गरियो भने शंकाले शंकाले लंका जलाउने काम गर्ने हो तसर्थ यी निर्दिष्ट कार्यक्रमहरुको लागु लागु गर्नुपर्छ र अहिले हामी वर्ल्ड कपको सामुन्नेमा पनि छौं र यो नीति तथा कार्यक्रम एउटा रोडम्याप हो भने असार १ गते आउने बजेटले यस्को कसरी कार्यान्वयन हुन्छ भन्नेकुरा दखिन्छ पेलेले हानेको बल जसरी गोल पोष्ट भित्र छिर्थ्यो त्यसैगरि विकास र समृद्धिका गोलहरू छिराउनका लागि हामी सबैले मुख्यमन्त्रीज्युलाई बल पास दिने काम गरौं सबैले आफनो आफनो स्थानबाट सक्दो सहयोग गऱ्यौं भने गोल बल प्रदेश सरकारले पाउला अरु ट्राफिक र ट्रफि र पुरस्कारहरु हामीले पनि पाउनेछौं।विश्वकपमा फर्स्ट भएका खेलाडीहरुलाई आफनो देश भित्र जति सम्मान हुन्छ त्यो खालको सम्मानित सांसदको

(**माननीय सभामुख ज्युबाट समय सकिएको जानकारी)** दर्जा हामीले पनि पाउनेछौं। धन्यवाद ।

## माननीय सभामुख

माननीय श्री सरिता गुरुङलाई छलफलमा भाग लिन समय दिन्छु।समय ५ मिनेट ।

## माननीय श्री सरिता गुरुङ

सभामुख महोदय, आर्थिक बर्ष २०७५/७६ को नीति तथा कार्यक्रमले धेरै बिषयवस्तु क्षेत्र भेग

समेटिएको छ।यो राम्रै नै भन्न सकिन्छ जहाँसम्म लाग्छ यो नीति तथा कार्यक्रम राम्रो भएपछि बजेट पनि पक्कै राम्रै नै आउनेछ र आउनेछ भन्ने विश्वास गरेको छु र सभामुख महोदय, यो नीति तथा कार्यक्रममा धेरै पूर्वाधार विकास देखि वन तथा वातावरण शिक्षा यी सबै कुराहरुलाई बाँडफाँड गर्दाखेरि भोलिका दिनहरुमा सहि र आवश्यकता र सन्तुलनको आधारमा बाँडफाँड हुनेछ भन्ने कुरा पनि विश्वास गरेको छु र सभामुख महोदय, यस नीति तथा कार्यक्रममा आगामी ५ बर्षमा यो एउटा बहुआयामिक आर्थिक वृद्धिको बारे यहाँ उल्लेख भएको छ यो साँच्चै नै हो हामी पर व्यक्ति नेपालीले अमेरिकी डलर २५ सय रुपियाँ २५ सय पाउने हो भने यो सुखदको कुरा हो तर यो यति हुँदा हुँदा यो सुखदको कुरामा खुशि हुन कता कता डर लागिरहेछ सभामुख महोदय, यसको के हो त आधारहरु यसको ठोस आधार के हो यो नीति तथा कार्यक्रममा मात्रै लिपिबद्ध नहोस् यसलाई कार्यान्वयन होस साँच्चै नै समृद्ध प्रदेश र सुखी नेपाली बनाउन यहाँहरु अग्रसर हुनेछ नभए यो कागजमा कागजै हुँदाखेरि लिपिबद्ध हुँदा सिमित हुँदा यल्ले फेरि अर्को रुप लिनेछ कि भन्ने मलाई डर लाई रहेछ। सभामुख महोदय, र अर्को कुरा सभामुख महोदय, यसमा सामाजिक क्षेत्र विकासमा धेरै कुराहरु समेटिएको छ। महिलामैत्री छ, लैङ्गिक मैत्री छ, अपाङ्ग मैत्री, द्वन्दपिडित, घाइते र वृद्धको वृद्धवृद्धाहरुको कुराहरु छ बालबालिकाको कुराहरु छन् र यहाँ शिक्षा, स्वास्थ्य, मुटु रोगी, क्यान्सर रोगी, मृगौलाका धेरै कुराहरु समेटिएको छ यो साँच्चै नै समेट्दाखेरि मलाई खुशी लाग्या छ तर यो खुशी लाग्दाको बखतमा त्यति हुँदा हुँदा पनि राम्रो लाग्दा लाग्दा पनि कताकता कुराहरु यो त्यति कागजकै घर त हैन यो सपनामा कल्पना त हैन भन्नपर्छ भन्ने हो कि भन्ने मलाई डर लागिराखेको छ किनभने हाम्ले निर्वाचनमा चुनावमा वृद्धहरुलाई ५ हजार अहिले भर्खर टकरक्क खोल्टिमा राख्दिन्छु भनेर निर्वाचन चुनाव हाम्ले जितियो अहिले यहाँ वृद्धाआश्रम, दिवाआश्रम र वृद्धआश्रमको कुरा आई राख्या छ। कतै मलाई यो दिवा वृद्धाआश्रम चरापनि बास बस्न नसक्ने जंगलको बिचमा, माछापनि खेल्न नसक्ने खोलाको तिरमा लैजाने हो कि भनेर मलाई डर लागेछ ।त्यसैले वृद्ध हाम्रो पैतृक सम्पत्ति हाम्रो पुँजी भाको कारणले वृद्धाहरुलाई सम्मान गरिदिनुहुन वृद्धाहरुको मन नरुवाउन वृद्धको मनमा ठेस नलगाइदिन अनुरोध गर्दै विदा हुन्छु । धन्यवाद । जयनेपाल ।

## माननीय सभामुख

माननीय श्री आशा कोइरालालाई छलफलमा भाग लिन समय दिन्छु ।समय ५ मिनेट ।

## माननीय श्री आशा कोइराला

माननीय सभामुख महोदय, प्रदेश सरकारको तर्फबाट माननीय प्रदेश प्रमुख श्री बाबुराम कुँवरद्वारा प्रस्तुत आर्थिक बर्ष २०७५/७६ को नीति कार्यक्रममा हामी छलफल गर्दैछौं। यो नीति तथा कार्यक्रमले इतिहासमा यो राष्ट्रमा इतिहासमा जति आन्दोलनहरु भएका छन् ती सबै आन्दोलनमा भएका त्याग , तपस्या र बलिदानको उचित संरक्षण गर्दै प्राप्त उपलब्धीहरुको संरक्षण गर्ने विकास गर्ने र फेरि राजनैतिक अधिकारको निम्ति आगामी दिनमा लड्न नपरोस् भनेर ती अग्रजहरुको सम्मान गर्ने कार्यक्रम लिएको छ ।नीति लिएको छ त्यसकारण म हार्दिक धन्यवाद दिन चाहन्छु किनभने राजनीतिक आन्दोलन हामीले धेरै लड्यौं यी आन्दोलनहरुबाट जति उपलब्धी प्राप्त भएका छन् ती उपलब्धीहरुलाई समय समयमा हामीले ठिक सँग आत्मसात गर्न नसक्दा, ती उपलब्धीहरुलाई संरक्षण गर्न नसक्दा फेरि पनि हामीले पटक पटक दोहोऱ्याएर तेहेऱ्याएर नेपालमा आन्दोलन गर्नुपऱ्यो ।अब त्यो आन्दोलन नल्याउनको लागि यो इतिहासमा वहाँहरुको नामबाट प्रदेश सरकारको नीति तथा कार्यक्रममा उल्लेख भए अनुसार वहाँहरुको नाम सम्मान गर्नको लागि हरेक विकासका ठुला आयोजनाहरु वहाँहरुको नामबाट सम्पन्न गर्ने,  शहीदहरुको सम्मानमा पार्कहरु त्यस्तै अन्य विविध स्मारकहरु निर्माण गर्ने यी सबै कुराहरु आएका छन् ।आगामी दिनमा यहि इतिहासको कदर गर्न र राजनैतिक उपलब्धिलाई संरक्षण गर्न दृष्य र शब्दमा समेत यो सरकारको ध्यान जानेछ। आगामी आर्थिक बर्षका नीति कार्यक्रमहरुमा भन्ने मैले आशा गरेको छु। सभामुख महोदय, यो नीति तथा कार्यक्रमले विपन्न ग्रामिण समुदाय देखि सम्पन्न र आर्थिक रुपमा सबल समुदायलाई समुचित ढंगले सम्बोधन गरेको मैले पाएको छु ।किनभने प्रदेशको समृद्धिको आधार लगानीमैत्री वातावरण भनेर नारा राख्दै गर्दा यहाँनिर सबल आर्थिक क्षेत्रमा रहेका निजि र सहकारी क्षेत्रहरुलाई उपयोग गरेर राष्ट्रको समृद्धिमा वहाँहरुलाई सहभागी गराउने साथसाथै दुर्गम पिछडिएका क्षेत्रहरुमा रहेका जाति वर्ग क्षेत्र समुदाय जो आर्थिक रुपमा पनि विपन्न छन् उनीहरुको लागि रोजगार सृजना गर्ने र

आत्मनिर्भर बनाउने तर्फ यो बजेट केन्द्रीत छ त्यो मानेमा मैले यसलाई अऽ राम्रो र महत्वपूर्ण ठानेको छु । हाम्रा विपन्न र ग्रामिण समुदाय जो अहिले अहिले पनि समानुपातिक विकासबाट पिछडिरहेका छन भने हाम्रा शहरी क्षेत्र थोरै विकासको गतिमा अगाडि बढेका छन यि दुवै क्षेत्रलाई संयोजन गरेर ग्रामिण क्षेत्रलाई समानुपातिक विकासको निम्ति शिक्षा, स्वास्थ्य, भौतिक पूर्वाधार लगायतका कामहरुमा जोड दिने र शहरी क्षेत्रलाई आधुनिक प्रविधिको विकास गर्दै मनोरेलसम्म सञ्चालन गर्ने यो नीति तथा कार्यक्रममा व्यवस्था गरिएको छ । त्यसैले यो ग्रामिण र शहरी दुवै क्षेत्रलाई उचित संयोजन गरेर आएको छ यसर्थ पनि यो महत्वपूर्ण छ । अर्कोतर्फ सामाजिक, आर्थिक र समग्र क्षेत्रको विकासको निम्ति सबैभन्दा महत्वपूर्ण भनेको दक्ष जनशक्ति नै हो हामीले यो दक्ष जनशक्ति कसरि उत्पादन गर्ने राष्ट्रमा भएको बेरोजगारी समस्यालाई कसरी हल गर्ने यो दुवै समस्यालाई हल गर्नको लागि आगामी दिनमा प्राविधिक विश्वबिद्यालय नै प्रदेश स्तरमा सञ्चालन गरेर अथवा अरु सबै खाले जनशक्तिलाई उचित खालको व्यवसायिक तालिमहरु प्रदान गरेर जसरी रोजगारमूलक र व्यवसायी बनाउने प्रयत्नको साथ यो नीति तथा कार्यक्रमले व्यवस्था गरेको छ त्यसैले यो महत्वपूर्ण छ यसर्थ हामी जतिपनि बढि विकास चाहन्छौं, त्यति हामी काम गर्नको लागि हामीलाई आर्थक स्रोतको

(**माननीय सभामुख ज्युबाट समय सकिएको जानकारी**)

आवश्यकता पर्छ त्यसकारण त्यो आर्थिक स्रोतलाई वृद्धि गर्नको लागि र प्रदेशलाई आत्मनिर्भर बनाउनको लागि प्राकृतिक स्रोत साधनको परिचालन र उपयोग गर्ने नीति पनि यसले लिएको छ। यसकारण यव महत्वपूर्ण छ सरकारलाई यो सफल कार्यान्वयनमा सफलता मिलोस् हार्दिक

(**माननीय सभामुख ज्युबाट समय सकिएको जानकारी**)

शुभकामना दिंदै विदा हुन्छु । धन्यवाद ।

## माननीय सभामुख

माननीय श्री इन्द्रलाल सापकोटालाई छलफलमा भाग लिन समय दिन्छु।समय ५ मिनेट।

## माननीय श्री इन्द्रलाल सापकोटा

माननीय सभामुखज्यु, आज हामी प्रदेश सरकारको ७५/७६ को बार्षिक नीति कार्यक्रम माथि छलफलमा संलग्न भैरहेका छौं। यसभन्दा अगाडि बोल्ने धैरै माननीय सांसदज्युहरु यो नीति कार्यक्रमको बारेमा धैरै कुरा प्रष्ट पार्नु भएको छ म त्यतातिर जान चाहन्न ।सारमा यति कुरा मात्रै राख्न चाहन्छु यो प्रदेशको नीति कार्यक्रमले समग्र प्रदेशलाई म भन्छु एक बर्षलाई होइन यल्ले अलि लामो अवधि सम्मका निम्ति दिशा निर्देश गरेको छ।यसको गन्तव्य तय गरेको छ र प्रदेश सरकारको काम कारवाही माथि नै प्रश्न उठिरहेको बेला सम्भवत यो प्रदेश सरकारको नीति कार्यक्रम कसैले १६२ वुँदा वाचन गर्‍यो भने सारांशमा कहिं नअलमलिइकन सुस्पष्ट ढंगले यल्ले आफना प्राथमिकताका क्षेत्रहरु निर्धारण गर्न सफल भएको छ। यल्ले आफ्ना सैद्धान्तिक आधारहरु प्रष्ट गरेको छ र आगामी दिनमा प्रदेश सरकार कता जाँदैछ भन्ने कुराको प्रष्ट भिजन अगाडि सारेको छ यो मानेमा मैले मुख्यमन्त्री सहित यो मन्त्रीपरिषदलाई हार्दिक धन्यवाद पनि दिन चाहन्छु। सँगै एउटा कुरा राख्न चाहन्छु नीति कार्यक्रममा चाहे गरिबी घटाउने ७ प्रतिशतमा ल्याउने कुरा होस चाहे हजार बेडको हस्पिटल बनाउने कुरा होस चाहे हामीले यो मुलुकका यो क्षेत्रका प्रदेशका महत्वपूर्ण गौरवका योजनाहरु भनेर पोखरा कोरला होस्, पोखरा दुम्कीवास होस्, थुप्रै कुराहरु किटानी साथ आएको छ यसमा कुनै भ्रम छैन ।कृषि क्षेत्रलाई उच्च प्राथमिकतामा राखिएको छ र पचासहजार युवाहरुलाई रोजगार दिने कुरा गरेका छौं स्वरोजगारका कुरा गरेका छौं। हेलो मुख्यमन्त्री जस्ता महत्वपूर्ण कार्यक्रमहरु यहाँ छन्। थुप्रै कुराहरु छन म त्यतातिर जान चाहन्न खालि यति मात्रै कुरा राख्न चाहन्छु कि मुख्यमन्त्री सहितको मन्त्रिपरिषदलाई मात्रै होइन सिङ्गो तपाईं हामी प्रदेश सभाका सदस्य जो यहाँ उपस्थित भएका छौं यो नीति कार्यक्रम कार्यान्वयनको सन्दर्भमा निश्चित रुपमा चुनौतीहरु छन। अहिले पनि प्रदेश सरकारलाई हेर्ने दृष्टिकोणका सन्दर्भमा प्रदेश संसदलाई हेर्ने दृष्टिकोणका सन्दर्भमा थुप्रै भ्रमित कुराहरु छन। संबिधानले व्यवस्था गरेका ३ सरकारका परिकल्पनाहरुलाई कता कता प्रदेश सरकारको औचित्यता माथि प्रश्न चिन्ह खडा गर्ने गरि केन्द्र सरकार र स्थानीय सरकारको कुरा मात्रै बढ्ता

छलफलको बिषय बन्ने र प्रदेश सरकारलाई ओझेलमा पार्ने प्रयत्नका बाबजुद पनि धेरै कुरा आएका छन त्यसकारण यो नीति कार्यक्रम यो सबै कुरालाई चुनौतीलाई सामना गर्दै साँच्चै प्रदेश सरकारको अनुभुति दिन सफल भएको छ। त्यसकारण यो प्रदेश सरकारको नीति कार्यक्रम महत्वकाँक्षी होइन सपना सहितको योजना सहितको कार्यक्रम आएको छ त्यसका निम्ति धन्यवाद सहित हामी सबै यो कार्यक्रम कार्यान्वयन गर्न एकमना एकताका साथ लागौं भन्नेकुरा राख्न चाहन्छु। प्रतिपक्षी साथीहरुले अलि अलि प्रतिपक्षीको धर्म निर्वाह गर्नुभएको छ। यसका निम्ति धन्यवाद दिन चाहन्छु। वहाँहरुले यति पनि भनिदिनुभएन, यति पनि आलोचना गरिदिनु भएन आज वृद्ध भत्ताको कुरा प्रतिपक्षीका साथीहरु उठाउनु भा छ, मलाई बहुत खुशी लाग्छ।यो मुलुकमा वृद्ध भत्ता कल्ले शुरुआत गर्‍यो ढुक्क हुनुस त्यो ५ हजार पुर्‍याउने कुराको पनि हामीले जनताको बिचमा जुन कमिटमेन्ट गरेका छौं त्यो कुरा पुरा गर्छौं। फेरि पनि उठाइदिनु भाछ, औंल्याइदिनु भाकोछ, बढ्ता महत्वाकांक्षी भो भन्नुभाको छ यदि महत्वाकांक्षा नै बोक्दैनौ सपना नै देख्दैनौ हामीले यो मुलुक यो प्रदेशलाई ५ बर्ष भित्र २५ सय डलर आय पुर्‍याउने कुरा ८ प्रतिशत वृद्धिदर हासिल गर्ने कुरा पुर्‍याउँदैनौ भने फेरि उहि काम चलाउने कुरा उही समान्यतया झारा टार्ने कुरा मात्रै हुन्छ र अहिले जनताले अपेक्षा गरेको कुरा के हो भने एकमना एकता सहितको यो बहुमतसहितको सरकार मात्तिएर होइन सुझबुझका साथ अत्यन्तै होसका साथ चाहे नीति बनाउने कुरा होस चाहे यो नीति कार्यक्रमलाई कार्यान्वयन गर्ने सन्दर्भ होस यल्लाई हामी जोडका साथ अगाडि पुग्यौं भने वास्तवमा २५ सय डलर

(**माननीय सभामुख ज्युबाट समय सकिएको जानकारी**)

आय पुर्‍याउने कुरा सम्भव छ यसका निम्ति मैले फेरिपनि प्रदेश सरकारलाई हार्दिक धन्यवाद दिंदै यो यात्रामा अगाडि बढ्ने वचनबद्धता समेत जाहेर गर्दै विदा हुन्छु। धन्यवाद ।

## माननीय सभामुख

अब, माननीय मुख्यमन्त्री श्री पृथ्वीसुब्बा गुरुङलाई प्रदेश नं ४ प्रदेश सभा नियमावलीको

नियम ३८ उपनियम २ बमोजिम छलफलमा उठेका प्रश्नहरुको जवाफ दिन अनुमति दिन्छु ।

## माननीय मुख्यमन्त्री श्री पृथ्वी सुब्बा गुरुङ

माननीय सभामुख महोदय, आज हामी आर्थिक बर्ष २०७५/७६ को नीति तथा कार्यक्रमको छलफलको अन्तिम चरणमा छौं ।छलफलमा माननीय सदस्यज्युहरुले धेरै कुराहरु राख्नु भाछ। म त्यसतर्फ धेरै जानुभन्दा माननीय सभामुख महोदय, माननीय सभामुखको अनुमतिले म प्रदेश सरकारको नीति तथा कार्यक्रमको छलफलको क्रममा माननीय सदस्यहरुबाट प्रस्तुत भएको बिषयका सम्बन्धमा जवाफ प्रस्तुत गर्न यस सम्मानित सभामा उपस्थित भएको छु। नेपालको संबिधानको धारा १८४ को उपधारा २ बमोजिम माननीय प्रदेश प्रमुखबाट प्रदेश प्रमुखबाट दोस्रो अधिवेशनमा प्रदेश सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गर्नुभएको थियो। प्रदेश सरकारको तर्फबाट माननीय प्रदेश प्रमुखज्यु प्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु।प्रदेश सरकारको नीति तथा कार्यक्रमको प्रस्तुतिकरणको समय व्यवस्थापनको लागि माननीय सभामुख लगायत सम्मानित सभाप्रति धन्यवाद व्यक्त गर्न चाहन्छु।छलफलमा सहभागी हुनुभएका माननीय सदस्यहरु प्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु। माननीय सदस्यहरुले प्रदेश सरकारको तर्फबाट प्रस्तुत भएको नीति तथा कार्यक्रममा माथिको छलफलमा सहभागी भई अत्यन्त महत्वपूर्ण सुझाव प्राप्त भएका छन्। प्राप्त सुझाव प्रदेश सरकारको नीति योजना प्रणाली र पद्धतिको तर्जुमा र विकासका क्रममा कार्यान्वयन गर्दै लगिनेछ। प्रस्तुत नीति तथा कार्यक्रम स्वीकृत भएपछि प्रदेश सरकारले आगामी बर्षको बजेट प्रस्तुत गर्दा साधन र स्रोत तथा समयको आधारमा सुझावहरुको सुझावहरुको सम्बोधन गर्दै लगिनेछ ।प्रदेश सभाका माननीय सभामुख नेत्रनाथ अधिकारी ज्यु र माननीय सदस्य टेक बहादुर घर्तीज्युको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु। जनताको त्याग र बलिदान बाट स्थापित भएको संघीय लोकतान्त्रिक गणतन्त्र बहुलवादमा आधारित बहुदलिय प्रतिस्पर्धात्मक शासन प्रणाली शक्ति पृथकिकरणको सिद्धान्त विधिको शासन स्वतन्त्र न्यायपालिका मानव अधिकारको संरक्षण सामाजिक न्याय सहितको समानुपातिक समावेशी र सहभागितामुलक शासन

व्यवस्थाको आधारभुत मान्यतामा यो सरकार प्रतिबद्ध रहेको जानकारी गराउन चाहन्छु। हामी प्रतिपक्षका माननीय सदस्यहरु सँग असल संस्कार सहितको उत्कृष्ट संसदीय संस्कृति विकास गर्न गराउन अनुरोध गर्न चाहन्छौं ।प्रदेश सरकार प्रतिपक्ष सँगसँगै यो प्रदेशको समृद्धि र समुन्नतिको लागि रचनात्मक सहकार्यका लागि सधैं तत्पर रहने छ । प्रदेश सरकारले प्रस्तुत गरेको नीति तथा कार्यक्रमले सार्वजनिक, नीजि र सहकारी क्षेत्रको लगानीका माध्यमबाट आर्थिक समृद्धि हासिल गर्न सकिन्छ भन्ने विश्वास लिएको छ। तत्काल प्रतिफल दिने क्षेत्रमा निजि क्षेत्रको लगानी आकर्षित गर्न खोजिएको छ। सरकारले निजि क्षेत्रको लगानीलाई आकर्षित गर्नेगरि पूर्वाधार विकास र सामाजिक क्षेत्रमा आफनो लगानीलाई केन्द्रित गरेको छ साथै आत्मनिर्भर र राष्ट्रिय अर्थतन्त्र निर्माणका लागि आवश्यक पर्ने क्षेत्रमा लगानी बढाउने नीति लिएको छ। सहकारी र समुदाय सँगको लगानीमा गरिबी निवारण, कृषिको उत्पादन, उत्पादकत्व वृद्धिका लागि लगानी प्रोत्साहित गर्ने नीति लिएको छ ।प्रदेशको अधिकार सूची भित्रका कार्यजिम्मेवारी र संबिधानमा उल्लेख भएका मौलिक अधिकारको मौलिक हकको क्रमश कार्यान्वयन गर्दै लगिनेछ ।प्रदेश सरकारको विकासको सोच प्रदेशबासी नेपाली जनताको सुख र खुशि नै हो यो कार्यान्वयनमा हाम्रा सबै सिमा र कुनै सिमा र शर्त रहनेछैन। प्रदेशमा रहेका प्राकृतिक सुन्दरता, साँस्कृतिक विविधता र भूगोलको आधारमा सन्तुलन सहितको विकास नीति बनाउन यो नीति तथा कार्यक्रमले प्रारम्भ गरेको छ। विकासका कार्यक्रम बनाउँदा सामाजिक एवं सास्कृतिक समानता र सद्भावलाई अझ बढि मजबुत र उन्नतिलो बनाउने गरी दिशा निर्देशन दिएको छ। सामिलि लोकतन्त्र समावेशी विकास अवधारणानै हाम्रो संबिधानको आत्मा हो। यसको कार्यान्वयनको लागि सबै प्रकारको विभेद, वञ्चितिकरण र वहिष्करणको अन्त्य गरी समावेशी र दिगो विकासमा यो नीति र कार्यक्रमले जोड दिएको छ। सरकार सञ्चालन भएको छोटो अवधिमा नै विकासको प्रस्थान विन्दु र भविष्यको गन्तव्य निर्धारण गरेका छौं। यो नीतिले प्रदेशको आगामी ५ बर्षको मात्र होइन दिर्घकालिन सोच उद्देश्य एवं लक्ष्य निर्धारण गरेको छ। साथै, यी लक्ष्य र उद्देश्य हासिल गर्न स्पष्ट मार्ग मार्गचित्र सहितको नीति र कार्यक्रम प्रस्तुत गरिएको छ। सभामुख महोदय, राष्ट्रका साझा लक्ष्य र उद्देश्य प्राप्तिको लागि प्रदेश सरकार, संघीय सरकारसँग सहकार्य गर्न चाहन्छ। हामी हाम्रो कार्यक्षमतामा

वृद्धि गर्दै गरिबी निवारण, भोकमरीको अन्त्य, रोजगारीको सृजना गरि आर्थिक समृद्धि र समुन्नति र समृद्धि चाहन्छौं ।यो नीतिले निर्धारित गरेको गन्तव्य पुग्नको लागि स्पष्ट दिशाबोध गरेको छ साथै शासकीय प्रणालीलाई सबलीकरण गर्नका लागि वित्तीय स्रोत र साधन तथा जनशक्तिको न्यायोचित प्राप्तीबाट नै सिङ्गो राष्ट्रको समृद्धि हासिल गर्न सकिन्छ भन्ने विश्वास लिएको छ। प्रस्तुत भएको नीतिले स्थानीय सरकारसँग विकासमा रणनीतिक सहकार्य र साझेदारी गर्ने गरी कार्यक्रमहरु तय गरेको छ। प्रदेश सरकार विकासको प्रक्रियालाई स्थानीय सरकारको विश्वास जितेर स्थानीय स्तरबाट शुरुवात गर्न चाहन्छ। साथै, अधिकार सम्पन्न र सक्षम स्थानीय सरकार बनाउनको लागि क्षमता अभिवृद्धिमा जोड दिइएको छ। प्रदेश सरकार, स्थानीय सरकार र संघीय सरकार बिचमा यसमा सेतुको रुपमा काम गर्न चाहन्छ। प्रदेशको समृद्धिको आधार निर्माण गर्न आगामी बर्ष प्रादेशिक नीति तथा संरचना निर्माण बर्षको जगमा उभिएर पर्यटन, उर्जा, कृषि, उद्योग र भौतिक पूर्वाधारलाई समृद्धिको इन्जिनको रुपमा लिई क्षेत्रगत नीति तथा कार्यक्रम तय गरिएको छ। क्षेत्रगत नीति र कार्यक्रमको कार्यान्वयन गर्दा अन्तरसम्बन्धित बिषयलाई समन्वयात्मक रुपमा कार्यक्रमहरुमा आन्तरिकिकरण गरिने छ। समाजवाद उन्मुख अर्थव्यवस्थाको निर्माणको लागि ग्रामिण स्तरबाट नै आर्थिक समृद्धिको जग बसाल्ने आधार प्रस्तुत नीतिको रहेको छ ।आत्मनिर्भर अर्थव्यवस्थाको लागि उत्पादन र उत्पादकत्व वृद्धि गर्ने व्यापक मात्रामा रोजगारी र स्वरोजगार सृजना गर्ने र आयात व्यवस्थापन र निर्यात प्रवर्द्धन गरी प्रदेशको अर्थतन्त्रको संरचनामा नै परिवर्तन गर्ने यस नीतिले उद्देश्य लिएको छ। माननीय सदस्यहरुले भनेजस्तै यो नीति कार्यक्रम निश्चित स्रोत र गन्तव्यको साथ प्रस्तुत भएको छ ।यो महत्वाकांक्षी पनि छैन र हचुवाको भरमा आधारमा तयार भएको पनि छैन यस नीतिले सुस्पष्ट सुविचारित कार्ययोजना सहितको नीति तथा कार्यक्रमको दिशाबोध गरेको छ। तसर्थ हामीले प्रदेशको समृद्धिको आधार निर्माण गर्न र प्रदेशमा आर्थिक सामाजिक रुपान्तरणका लागि लगानी केन्द्रित गर्न चाहेका छौं। स्पष्ट सोच र नीतिगत मार्गदर्शनको आधारमा प्रदेशका विकास र समृद्धिका प्रमुख लक्ष्यहरु निर्धारण गरिएका छन् यि लक्ष्यहरु सपनामात्र होइनन् यि उपलब्धी हासिल गर्न सकिने आधारहरु हुन। यि लक्ष्य र नीति तथा कार्यक्रमका बिच तालमेल र अन्तरसम्बन्ध स्थापित गरि नीति

तथा कार्यक्रमहरु प्रस्तुत गरिएको छ। यस सम्मानित सभालाई साक्षी राखेर आम नागरिकको सामु सरकारले आगामी ५ बर्ष भित्र हासिल गर्ने विकासका सुचकहरुको निर्धारण गरेका छौं ।प्रदेश सरकार आगामी ५ बर्ष भित्रमा बहुआयामिक गरिबी १४.२ प्रतिशत ७ प्रतिशतमा झार्ने, प्रदेशको आयलाई बार्षिक औसत ८ प्रतिशतले वृद्धि गर्ने, प्रतिव्यक्ति आय अमेरिकी डलर २५ सय पुऱ्याउने अहिले ११ सय जति छ भन्ने अनुमान छ। हाम्रो कृषि उत्पादनलाई दोबर गर्ने, प्रदेशका गौरवका आयोजनाहरु पोखरा-कोरला र पोखरा-दुम्कीबास द्रुतमार्ग निर्माणको थालनी कार्य थालनी गर्ने, प्रदेशभित्र अन्तरराष्ट्रिय स्तरको बहुउपयोगी सम्मेलन केन्द्र र बहुउद्देश्यीय खेलमैदान निर्माण सम्पन्न गर्ने, विशिष्टिकृत मुटुरोग, मृगौला र क्यान्सर अस्पतालको निर्माण सम्पन्न गर्ने, स्थानीय तहमा २५ शैया, नगरपालिकामा ५० शैयाको अस्पताल र प्रदेश राजधानीमा १ हजार शैयाको अस्पताल निर्माण गर्नको लागि स्थानीय तह र संघीय सरकारसँग सहकार्य गर्ने, प्रदेश राजधानीलाई केन्द्रमा राखि वृहत पोखरा चक्रपथ निर्माण गर्ने, पोखराको क्षेत्रीय विमानस्थललाई ३ बर्ष भित्र सम्पन्न गर्नको लागि सहजीकरण गर्ने, सन् २०२२ सम्ममा २० लाख पर्यटक भित्र्याउने योजना निर्माण गर्ने , पोखरामा रहेका फेवा बेगनास र रुपातालललाई जोड्न मनोरेलको विकास गर्ने, प्रदेशमा आधुनिक सुबिधा सम्पन्न सुचना प्रविधि पार्कको निर्माण गर्ने, प्रदेश राजधानी देखि स्थानीय तह तहको केन्द्रसम्म स्तरिय सडक सञ्जाल पुऱ्याउने, सबै स्थानीय तहको केन्द्र सम्म बोर्ड ल्याण्ड बोर्ड ब्यान्ट नेटवर्क स्थापना गर्ने, निजि क्षेत्र समेतको लगानीमा उर्जा उत्पादनलाई तेब्बर पार्ने, प्रतिव्यक्ति उर्जा खपतलाई ५ गुणाले वृद्धि गर्ने, प्रदेश राजधानीमा स्वच्छ खानेपानी उपलबध गराउने, बहुसाँस्कृतिक ग्रामको स्थापना गरि संस्कृतिको संरक्षण गर्ने, र पर्यटनको प्रवर्द्धनमा योगदान पुऱ्याउन पुऱ्याउने, शिक्षा र स्वास्थ्यको क्षेत्रमा सुधार ल्याउने गरि लगानी बढाइने छ ।साथै आगामी २ बर्षभित्र हरेक घरधुरीमा खानेपानी तथा बिद्युति बिद्युत सेवा पुऱ्याउने गरि प्रमुख विकासका सुचक सुचकहरु कायम गरि नतिजामा आधारित नीति तथा कार्यक्रम प्रस्तुत गरेका छौं ।यो कुनै महत्वाकांक्षी लक्ष्य हैन यो कार्यान्वयन योग्य कार्यक्रमहरु हुन।माथिका यी लक्ष्य प्राप्तिका लागि प्राथमिकताका आधारमा लगानी लगानी नछरिकन विन्यास गर्ने छौं र गरिएका लगानीको प्रतिफल र नतिजा सँग आबद्ध गर्ने छौं साथै संघ, प्रदेश र स्थानीय तहको आर्थिक

क्रियाकलापको विस्तारबाट यस प्रदेशमा आर्थिक बार्षिक ५० हजारलाई रोजगारी र १ लाखलाई स्वरोजगारको अवसर सृजना गर्ने आधार यो नीति तथा कार्यक्रमले लिएको छ ।संघीयता कार्यान्वयनमा आउन सक्ने जटिलताको संबैधानिक प्रबन्ध बमोजिमको अन्तर प्रदेशको प्रदेश परिषदको उपयोगको माध्यमबाट यस्को प्रभावकारी कार्यान्वयनमा सहजीकरण ल्याइने छ साथै वित्तीय संघीयताको स्पष्ट दिशाबोध सहितको आगामी बजेटको बर्षको बजेट प्रस्तुत गरिने छ। नीति तथा कार्यक्रमको कार्यान्वयनमा प्राथमिकीकरण गरि बजेट तथा कार्यक्रम प्रस्तुत गरिने छ। प्रदेशमा लगानीमैत्रीको वातावरणको लागि लगानी सम्मेलन नीजि क्षेत्रबाट प्रवर्द्धन गरिने योजना, आयोजना,परियोजना बैंक, एकल विन्दु सेवा लगानीको प्रत्याभुति र निजि लगानीका लागि अ आवश्यक वातावरण निर्माण गरिने जस्ता नीतिगत सम्बोधनले नीजि क्षेत्रको लगानीलाई उत्प्रेरित गरिएको छ। यसबाट प्रदेशमा लगानीको वातावरणमा अनुकुल सुधार आई आर्थिक क्रियाकलापमा थप विस्तार हुने देखिन्छ। प्रदेश सरकारले पर्यटन, उर्जा, कृषि, उद्योग, भौतिक पूर्वाधार, सामाजिक क्षेत्र विकास कार्यक्रम ठूलो मात्रामा लगानी गर्दा यस क्षेत्रबाट समेत आर्थिक कृयाकलाप विस्तार भै प्रदेशको आयमा वृद्धि हुने र रोजगारीका अवसर सृजना हुन गई यस प्रदेशका प्रमुख विकासका लक्ष्यहरु आगामी ५ बर्ष भित्र नै हासिल हुन सक्ने देखिन्छ। प्रदेशका विकास लक्ष्य र प्राथमिकता प्राप्त कार्यक्रम तथा आयोजनामा प्राथमिकिकरण गरी स्रोत साधनको वितरण हुने हुँदा नीति कार्यक्रमको नतिजामुखि कार्यान्वयनमा विश्वास दिलाउन चाहन्छु। प्रदेशको संस्थागत संयन्त्रको स्थापना गरी सार्वजनिक सेवालाई पारदर्शी, जवाफदेहि, उत्तरदायी र नागरिकमैत्री बनाउँदै सार्वजनिक सेवालाई गुणस्तरीय र सरलीकृत गरिनेछ। आफु पनि भ्रष्टाचार नगर्ने र भ्रष्टाचारजन्य क्रियाकलापमा सरकार शुन्य सहनशिलताको नीतिको आधारमा सार्वजनिक सेवालाई नागरिकको अपेक्षा अनुरुप सञ्चालन गर्ने कुरामा प्रतिबद्ध छ। साथै आगामी ५ बर्ष भित्र बिद्युतीय सुशासनका माध्यमबाट सेवा प्रवाह गर्ने प्रतिबद्धता जनाईएको छ। सेवा प्रवाह, प्रदेशको सेवा प्रवाह सम्बन्धी प्रदेशको नीति प्रदेशका योजना प्रदेशको कार्यान्वयन पक्षलाई नतिजामुखि, गुणस्तरीय र जवाफदेहि बनाउन सुदृढ अनुगमन प्रणालीले नीतिको अनुगमन कार्यान्वयन र नतिजा प्राप्तीमा प्रस्तुत नीतिले जोड दिएको हुँदा कार्यान्वयनमा कुनै व्यावधान नरहने विश्वास दिलाउन चाहन्छु। माननीय

सभामुख महोदय ज्यु, यसमा हामीले उल्लेख गरेका केहि कुराहरु अलि थप व्याख्या गर्नुपर्ने देखिएको हुनाले म थप केहि कुराहरु राख्ने अनुमति चाहन्छु। हामीले यसपटकको नीतिको नीति र कार्यक्रमको आधार चार पाँचवटा आधारलाई मानेका छौं एउटा हाम्रो लोकतन्त्र मुलभूत मुल्य र मान्यतामा अडिग भएर संबिधानका मर्म र भावना भावना एवं सिद्धान्तमा टेकेर नेपालको संबिधानमा जे संबैधानिक व्यवस्था छ त्यसलाई पालना गरेर प्रदेशको अधिकार सूचि भित्र उल्लेख भएका बिषयहरुमा अडिग त्यहि सिमा भित्र रहेर, नेपालको नेपालले अन्तराष्ट्रिय स्तरमा जनाएको दिगो विकास लक्ष्य प्रति प्रतिबद्ध भएर, संघीय आर्थिक नीतिमा आधारित भएर र प्रदेश सरकारले आर्थिक बर्ष २०७४/७५ मा लिएका नीति र कार्यक्रमलाई आफ्नो मार्गदर्शक मार्गनिर्देशन गाइडिङ्ग प्रिन्सिपलको रुपमा यो नीति र कार्यक्रमले लिएको छ भन्नेकुरा माननीय सदस्यहरुलाई म अवगत गराउन चाहन्छु ।समृद्धिको आधारहरुको प्राथमिकता निर्धारण गर्दाखेरि हामीले फेरिपनि भनेका छौं पर्यटन हाम्रो पहिलो आधार हो। दोस्रो आधार हाम्रो उर्जा हो।तेस्रो प्राथमिकता हाम्रो कृषि हो। चौंथो प्राथमिकता हाम्रो उद्योग हो र चौंथो यि चार वटा पूर्वाधारका आधारहरु प्राथमिकताहरुबाट नतिजा हासिल गर्नका लागि पूर्वाधारहरुको निर्माण पूर्वाधारको निर्माण भनिरहँदाखेरि कानुनी कानुनको पनि हामीले धेरै व्यवस्थापन गर्नुपर्ने छ भौतिक संरचनाहरुको व्यवस्थापन गर्नु पर्ने छ संरचनागत व्यवस्थापन हामीले गर्नुपर्नेछ यसकारणले हामीले भन्न चाहेका छौं पर्यटन क्षेत्रको विकासमा हामीले बनाएको नीतिका कारणले हामीले दश लाख पर्यटक चाहिं भित्र्याउन सक्छौं यो ५ बर्ष भित्र र आगामी ५ बर्ष भित्र २० लाख पर्यटक भित्र्याउन सक्छौं भन्ने हामीले अनुमान गरेका छौं र यसमा म स्मरण गराउन चाहन्छु। हामीले ३ सय होमस्टेहरुको सञ्चालन गर्ने भन्या छौं।कमसेकम ३ सय होमस्टेहरु सञ्चालन गर्दाखेरि एउटा कार्यविधिका आधारमा यो सबै निर्वाचन क्षेत्र सबै गाउँपालिका सबै नगरपालिका भित्र हाम्रो कार्यविधि अनुसार होमस्टेहरुलाई हामीले सेलेक्सन गरेर राख्नेछौं र त्यो बास्केट भित्र होमस्टेहरु परेको होमस्टेहरको पूर्वाधारहरु निर्माणको लागि सरकारले रकम विनियोजन गर्नेछ।त्यसको पूर्वाधार निर्माण गरिदिने छ। यसो गर्दाखेरि त्यहाँ धेरै संख्यामा करिब करिब ३ सय होमस्टेहरुको परिचालनबाट हामीले थुप्रै आम्दानी गर्न सक्छौं हाम्रो कृषि उत्पादनमा त्यस्ले वृद्धि ल्याउनेछ र रोजगार र

स्वरोजगारको स्थापना गरि करिब १० हजार भन्दा बढि व्यक्तिहरुले स्वरोजगार र रोजगार पाउन सक्ने हामीले सामान्य अनुमान गरेका छौं।यो भन्दा धेरै पनि हुनसक्छ र त्यस्तै प्रकार पर्यटनको विकासको गुरुयोजना निर्माण गर्ने किनभने हाम्रो क्षेत्रमा पर्यटन खालि एउटा बिषयमा मात्रै सम्भावना छैन यहाँ धार्मिक साँस्कृतिक पर्यटनको सम्भावना उत्तिकै छ। यहाँ माइस पर्यटनको सम्भावना छ, मेडिकल इन्फरमेसन टेक्नोलोजी, कन्फरेन्स टुरिजम र एजुकेशन टुरिजमको सम्भावना छ त्यसकारणले माइस टुरिजमको साथसाथमा स्पोर्टस् टुरिजमको व्यवस्थापन गर्ने साहसिक पर्यटनहरुको प्रवर्द्धन गर्ने, फिल्मी पर्यटनको पनि विकास हुन सक्ने भनेर यसपटक मनाङ, मुस्ताङ र गोरखाको उत्तरी वेल्टहरु जहाँ एकदम दुर्लभ सिनहरु हामी देख्न सक्छौं ति ठाउँहरुमा फिल्मसिटीको विकास गरेर फिल्मी पर्यटनको पनि विकास गर्ने सम्भावना भएको हुनाले त्यसलाई पनि हामीले पर्यटन क्षेत्रसँग जोड्न खोजेका छौं। पर्या पर्यटन, कृषि पर्यटनलाई पनि हामीले ग्रामिण पर्यटन सँग जोडेर अगाडि बढाउन चाहेका छौं ।

रिक्रिएसन पर्यटनको पनि सम्भावना देख्दछौ हामी त्यस्को कारणले हामीले जुओलोजिकल पार्कहरु बनाउने हनिमुन पार्कहरु, क्षेत्रहरु बनाउने र मनोरेलहरुसँग जोडेर केबुलकारहरुसँग जोडेर त्यस्लाई एउटा रिक्रिएशन सेन्टरको रुपमा हाम्रो प्रदेशलाई स्थापित गरेर रिक्रिएसन टुरिजमको पनि डेभलप गर्न सकिने भाहुनाले र यो रिक्रिएसन हाम्रो ताल तलैया सँग पनि जोडिएको हुनाले यसपटक हामीले अधिकार सम्पन्न ताल संरक्षण विकास प्रतिष्ठान प्राधिकरण निर्माण गर्ने योजना बनाएका छौं ।यि सबै कामहरु गर्न सकियो भने २० लाख पर्यटक आउन सक्छ त्यो हाम्रो अहिलेको आंकलन हो र उर्जा क्षेत्रको विकास गर्दाखेरि हामीले संघ, प्रदेश स्थानीय तह र निजि क्षेत्रको लगानीमा जलाशययुक्त जलाशययुक्त परियोजनाहरुको लागि हामीले प्राथमिकता दिएका छौं।आरोवार प्रणाली भन्छ त्यसलाई हामीले बढि जोड दिएका छौं र हाम्रो प्रदेशमा ११ हजार मेगावाट बिजुलि उत्पादन हुन सक्ने भाहुनाले हामीले ५ बर्षभित्र आजको उत्पादन दरलाई तेब्बर बनाउन सकियो भने त्यसले पनि धेरै संख्यामा चाहिं हजारौंको संख्यामा रोजगारी सृजना गर्न सक्छ।त्यसले हाम्रो आयमा वृद्धि गर्न सक्छ हाम्रो उत्पादनमा वृद्धि गर्न सक्छ र आर्थिक वृद्धिदरमा त्यस्ले बहुत धेरै योगदान गर्न सक्छ र हाम्रो प्रदेश अरु सबै प्रदेशभन्दा आजको दिनसम्म भेटिएको

तथ्याँकको आधारमा भन्नु पर्दाखेरि आंकडाको आधारमा भन्नु पर्दाखेरि सौर्यउर्जाको सबैभन्दा धनी प्रदेश हाम्रो प्रदेश हो हाम्रो प्रदेशको मुस्ताङमा करिब करिब सात आठ सय मेगावाट सौर्यउर्जा उत्पादन हुनसक्ने सम्भावना छ त्यस्को आधारहरु भौतिक आधारहरु छन्।अब त्यस्तै प्रकारले वाग्लुङ र मनाङमा पनि सय सय करिब करिब सय सय मेगावाटको तादात्मा सौर्यउर्जा उत्पादन हुन सक्ने सम्भावना छ। यसरी हेर्दाखेरि करिब करिब हजार मेगावाट बिजुली हामीले सौर्य सोलार इनर्जीबाट प्राप्त गर्न सक्ने सम्भावना छ यसबाट त्यसका साथसाथै जैविक  वेष्ट मेटेरियलको मेनेजमेन्टबाट पनि हामीले जैविक बिद्युत प्राप्त गर्न सक्छौं र वायुउर्जाको पनि त्यतिकै सम्भावना भएको प्रदेश हो त्यसकारणले यो सबै क्षेत्रको प्रभाव हाम्रो खासगरेर ४ वटा सेग्मेन्टहरु छन लगानीका संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार र निजि क्षेत्र र कैयौं ठाउँमा हुन सक्छ भने सहकारी पनि हुन सक्छ र समुदाय पनि हुन सक्दछ यि सबैको सहभागितामा हामीले हाम्रो प्रदेशमा हाम्रो प्रदेशकै आफ्नै नेतृत्वमा जलाशययुक्त बिजुलीका एक दुइवटा परियोजनाहरु परिचालन गर्नुपर्दछ र खाली रोयल्टी मात्रै लिने होइन लाभाँश पनि लिने ठाउँमा हामी पुग्नुपर्छ भन्ने सोच बनाएका छौं।हामीले नीतिमा त्यो कुरा पनि उल्लेख गरेका छौं।यसरी हामीले उर्जाको विकासबाट हामीले हाम्रो प्रदेशको आर्थिक समद्धिमा योगदान गर्न सक्छ भन्ने लाछ र २ बर्ष भित्र बिजुली पुऱ्याउने कुरा हामी यो भन्दा अगाडि पनि भनेका छौं यसलाई यसपटक दोहोऱ्याएका छौं र प्रति व्यक्ति उर्जा खपत ५ गुणा वृद्धि गर्ने कुरा धैरै महत्वपूर्ण कुरा हो त्यसले हाम्रो प्रोडक्टिभिटि प्रोएक्टिभ क्यापासिटी विल्ड अप गर्छ भन्ने हामीलाई विश्वास छ र साथै कृषिको उत्पादनलाई हामीले दोब्बर पार्ने कुरा गरेका छौं। कृषिमा आत्मनिर्भर हुनको लागि हाम्रो आज उत्पादनको ठाउँबाट हामीले दोब्बर उत्पादन गर्नुपर्ने छ। कृषिको अल्पकालीन, मध्यकालीन,  दिर्घकालीन रणनीति र योजना बनाएर यसको नीति तर्जुमा गर्नुपर्ने ठाउँमा छौं। हामीले त्यस्को लागि यस पटकको नीति र कार्यक्रममा हामीले योजना बनाएका छौं। खाद्यान्नमा आत्मनिर्भर बनि खाद्य सुरक्षा र खाद्य सम्प्रभुताको जुन अधिकार छ। हाम्रो मौलक अधिकार त्यसलाई स्थापित गर्नुपर्छ भन्ने हामीले सोचेका छौं।जलवायु मैत्री कृषि प्रविधिको विस्तार, विकास र विस्तार गरेर हाम्रो उत्पादनलाई दोब्बर बनाउन सकिन्छ भन्ने हाम्रो विश्वास छ।

एक वडा, एउटा नमुना व्यवसायिक कृषि तथा पशु विकास कार्यक्रम, एक पालिका एक उत्पादन, मुख्यमन्त्री वातावरणमैत्री कृषि गाउँ कार्यक्रम यि कार्यक्रमहरु सञ्चालन गरेर हामी हजारौंको संख्यामा यो ५ बर्ष भित्र स्वरोजगार र रोजगार सृजना गर्न सक्छौं त्यल्ले हाम्रो कृषिको उत्पादनलाई बढावा दिन सक्छ उत्पादकत्व बढाउन सक्छ। हाम्रो हामीलाई खाद्यान्नमा आत्मनिर्भर बनाउनको लागि त्यसले योगदान दिन सक्छ र साथै त्यसका माध्यमबाट अलि ठूला मेगा मोडेल प्रोजेक्टहरु सञ्चालन गरेर हामीले सोचिराछौं त्यो सम्भव के हुन्छ थाहा छैन। तरपनि हामीले दुग्ध विकास बोर्ड स्थापना गरेर त्यसलाई चाहिं दुग्ध पदार्थ उत्पादन गर्नको लागि ठूला ठूला मेगा गाई फार्महरु सञ्चालन गर्नको लागि प्रवर्द्धन गर्ने ढंगले त्यसलाई अगाडि बढाएका छौं र १० हजार गाईहरुको फार्म स्थापना गर्‍यो भने त्यहिबाट हामीले यो प्राङ्गारिक मल कारखाना स्थापना गर्ने सम्भावना देखेको हुनाले हामीले प्राङ्गारिक मल उत्पादन गर्ने प्रदेशको रुपमा पहिलो प्रदेशको रुपमा र त्यसका माध्यमबाट प्राङ्गारिक अर्गानिक उत्पादनहरु गरेर ४ नं प्रदेश अर्गानिक खाद्यपदार्थहरु पाइने प्रदेशको रुपमा स्थापित गर्न चाहेका छौं। यसलेपनि कृषिमा हामीले कृषि उत्पादनमा फड्को मार्नेछ र हाम्रो प्रदेशको आर्थिक उत्पादनमा यसले आर्थिक वृद्धिलाई योगदान दिनेछ भन्ने विश्वास लिइएको छ र अब एक पालिका एक शित भण्डार र एउटा कृषि उपज बजार बजार मार्केटाइजेशन गर्नको लागि बजारसम्म हाम्रो खाद्यान्न पुर्‍याउनको लागि उत्पादन पुर्‍याउनको लागि हामीले कृषि उपज केन्द्रको बजार केन्द्रको स्थापना गर्नुपर्नेछ।त्यसमा हामीले योजना बनाएका छौं अरु साना र नयाँ प्रविधिमा आधारित सिंचाईका योजनाहरु छन् भने त्यसमा हाम्रो पुँजीगत अनुदानको व्यवस्था गरेका छौं किसानहरुलाई हामीले। यसलेपनि हामीलाई उत्पादनमा जोड दिन्छ हुन्छ र जुओलोजिकल पार्कको स्थापना गर्ने कुरा हामीले गरेकै छौं।

प्राकृतिक स्रोतको अवैध र अनियन्त्रित दोहन जो छ त्यसलाई अन्त्य गर्ने हामीले भनेका छौं। अब भौतिक पूर्वाधारको कुराकानी गर्दाखेरि लगभग लगभग पोखरा कोरलाको चाहिं जुन राजमार्ग छ त्यल्लाई सडक विभागले बनाउँदै छ अहिले संघीय सरकारले बनाउँदै छ।अब खालि मालढुङ्गादेखि बेनी सम्मको बाटो अलिकति बेवारिस बन्ने स्थिति छ बेनीदेखि जोमसोम जोमसोमदेखि मुक्तिनाथ सम्मको बाटो यसपटक पिच भैसक्छ र जोमसोम देखि

माथि कोरलासम्म यसपटक ग्रावेल हुन्छ र अर्को साल त्यो पिच हुन्छ त्यसकारणले त्यसमा हामीले सारै धेरै टाउको दुखाइरहनुपर्ने स्थिति बनेन अब हामी पोखरा देखि दुम्कीबास त्रिवेणी सम्म दुम्कीबास देखि त्रिवेणिसम्म सायद हामीले बनाउनुपर्ने हुनसक्छ।पोखरादेखि दुम्कीबास सम्मको द्रुतमार्गको सम्भाव्यता अध्ययनको लागि हामीले चीनको एउटा कम्पनीलाई संघीय सरकारको सहमतिमा सम्भाव्यता अध्ययनको अनुमति दिइ सक्या छौं।त्यो अब तुरुन्तै त्यस्को सम्भाव्यता अध्ययन हुन्छ।यस्को लागि यस्ले गर्दाखेरि हाम्रो प्रदेशको उत्तरी सिमा र दुइटा छिमेकी मुलुकहरु सँग उत्तरी नाका र दक्षिणी नाकामा हामी जोडिएपछि ल्याण्ड कनेक्टिभिटि भएपछि हाम्रो प्रदेशको व्यापार धेरै बढ्ने उत्पादनले बजार पाउने स्थिति हुनसक्छ यल्लेपनि हाम्रो आर्थिक उत्थानमा धेरै योगदान दिनसक्छ भन्ने लाग्छ हामीलाई र स्थानीय तहसम्मको प्रशासनिक केन्द्रहरुलाई प्रदेश राजधानी जोड्ने बाटो ५ बर्षभित्र हामी सब्बै ठाउँमा लगभग लगभग पिच गर्ने भन्ने हाम्रो प्रतिबद्धता हो र वृहत पोखरा नेपालको ठुलो सबभन्दा ठुलो महानगर हो त्यसकारणले पोखरा लेखनाथ महानगरपालिकाको वृहत चक्रपथको निर्माण गरेर अब हाम्रो पोखरासँग मध्यपहाडी लोकमार्ग जोडिइसक्यो सिद्धार्थ राजमार्ग हिजोदेखि जोडिएकै हो पृथ्वी राजमार्ग जोडिएकै हो फेरि कोरला त्रिवेणी राजमार्ग जोडियो भने पोखरा यति धेरै तपाईंको यातायातको एउटा सुन्दर हब हुन्छ त्यसलाई त्योसँग हाम्रो प्रत्येक सरकारको स्थानीय सरकारको राजधानी प्रशासनिक केन्द्र जोडियो भने त्यस्को मार्केटसँग जोडिने हुन्छ प्रशासनिक केन्द्रसँग जोडिने त्यसले धेरै आफ्नो पहुँच वृद्धि गर्ने हुन्छ। त्यसले पनि हाम्रो आर्थिक समृद्धिमा महत्वपूर्ण योगदान दिन्छ भन्ने प्रदेश सरकारको विश्वास छ। त्यसकारणले अब कि अपाङ्गता भएका व्यक्तिहरुको बालबालिकाहरुको जेष्ठ नागरिकहरको सामाजिक आवास कार्यक्रम सञ्चालन गर्ने अतिविपन्न सिमान्तिकृतहरुको लागि सुरक्षित आवासको व्यवस्था गर्ने भन्ने पनि हामीले अगाडि सारेका छौं ।

प्रदेशमा यो विज्ञान र प्रविधिको या विभिन्न चिजहरुको अविष्कार गर्नको लागि विज्ञान प्रविधि प्रतिष्ठान गठन गर्ने कुरा पनि हामीले सोचेका छौं।प्रदेशमा एउटा सुचना प्रविधि पार्क निर्माण गर्ने कुरा पनि सोचेका छौं। यो सबै हाम्रो आर्थिक समृद्धिसँग, हाम्रो उत्पादनसँग, हाम्रो सुशासनसँग जोडिएका बिषयहरु हुन् र अन्तिममा म के भन्छु भने सामाजिक

विकासको हिसाबमा हामीले प्रदेशको विश्वबिद्यालय स्थापना गर्नको लागि यसपटक डिपिआर तयार गर्ने योजना बनाएका छौं। हामी केहि विदेशका युनिभर्सिटिहरुसँग कुराकानी गरिरहेका छौं। स्वदेशका युनिभर्सिटिहरुसँग पनि कुराकानी गरेका छौं।हाम्रो युनिभर्सिटि प्रदेशको युनिभर्सिटि प्रदेशको एउटा गौरवको आयोजना मध्येको एउटा युनिभर्सिटि हुन्छ। त्यो युनिभर्सिटि, युनिभर्सिटि बिशेषत अनुसन्धानमूलक र प्राविधिक बिषयमा पढाई हुने खालको युनिभर्सिटिको रुपमा विकास गर्न खोजेका छौं। र खुल्ला विश्वबिद्यालयको पनि यहाँ आव्हान अनुरोध भैराछ ।हाम्रो प्रदेशमा केन्द्रीय कार्यालय खोल्छौं सातवटै प्रदेशमा विश्वबिद्यालयहरु, क्याम्पसहरु खोल्न चाहन्छौं भन्याछ त्यस्को पनि धेरै महत्व भएको हुनाले खुल्ला विश्वबिद्यालय स्थापना गर्ने कुरामा पनि यसपटक नीति र कार्यक्रममा हामीले केहि न केहि कुराहरु बोलेका छौं र त्यसप्रति हामीले प्रतिबद्धता जाहेर गरेका छौं ।माननीय सभामुख महोदय, यो बिशिष्टिकृत अस्पताल निर्माण गर्ने कुरा प्रसुति र बाल अस्पताल निर्माण गर्ने कुरा भन्दापनि हामीले अर्को जोड दिनुपर्ने कुरा हामीले के गऱ्या छौं भने स्वास्थ्य बिमा लागु गर्ने जुन कुरा छ यो चाहिं कता कता अलिकति डिडेल डिडेल भा जस्तो अलि अलि ओझेल ओझेलमा परेजस्तो भा छ संघीय सरकार स्थानीय सरकार र प्रदेश सरकारको संयुक्त सहकार्यमा चाहिं यो स्वास्थ्य बिमालाई प्रभावकारी ढंगले कार्यान्वयन गर्नेबारे हामीले सोच बनाएका छौं र हाम्रो प्रदेशलाई पूर्ण खोपयुक्त प्रदेश बनाउने भनेर प्रदेशमा खोपको खोप कोष पनि हामीले निर्माण गरिसक्या छौं त्यसमा कानुन पनि ल्याउन हामी लागिसक्या छौं त्यसकारणले यि सबै कुराहरुको को भित्र हामीले के भन्या छौं भनेदेखि प्रदेश राजधानीमा अब ५ बर्ष भित्र शुद्ध पिउनेपानी आजसम्म हामीले हाम्रो नेपालमा ५ प्रतिशत जनतालेमात्र शुद्ध पिउनेपानी पिउने छ त्यसकारणले प्रदेशको राजधानी मुलुकको सबभन्दा ठुलो महानगरलाई पहिले शुद्ध पिउनेपानी बनाएर बल्ल त्यसपछाडि अब प्रत्येक घर घरमा धारा कसरि पुऱ्याउने, प्रत्येक गाउँ बस्तिमा कसरि खानेपानी योजना सुदृढ गर्ने भन्नेकुरा र ति जनताले खाने शुद्ध पानी कसरि शुद्ध पिउने पानीको प्रबन्ध गर्ने भन्ने कुरा वृहत तपाईंको सम्भाव्यता अध्ययन गर्नुपर्ने छ त्यसको गुरुयोजना बनाउनुपर्ने छ।त्यो गुरुयोजना बनाएर आगामी ५ बर्ष भित्र त्यस ठाउँमा पुग्नुपर्छ भनेर अहिल्यैदेखि हामीले त्यसको डिपार्चर गरेका छौं र अन्तमा म के भन्न चाहन्छु भनेदेखि बहुद्देश्यिय रंगशाला

निर्माण गर्ने भन्याछौं हामीले मैले अगि नै भने स्पोर्टस टुरिजमको यसमा पनि म यहाँहरुसँग के निवेदन गर्न चाहन्छु भने चाइनिजको एउटा कम्पनीले जुन एउटा प्रतिष्ठित कम्पनी हो त्यो कम्पनी हामी सँग आशय पत्र जारी गर्‍यो बुझायो हामीले संघीय सरकार सँग त्यस्को चाहिं सहमति लियौं र सहमति प्राप्त भको हुनाले त्यसलाई पनि हामीले अब जमिन खोजी गरेर जमिन प्राप्ति गरेर त्यहाँ देखायो भने उस्ले सम्भाव्यता अध्ययन गर्नेछ उसैले डिपिआर गर्ने छ र हामीलाई त्यो डिपिआर र सम्भाव्यता अध्ययन बुझाइसकेपछि हामी फेरि संघीय सरकार सँग त्यस्को निर्माणको लागि अनुमति लिएर हामी सरकारले बनाउने या संघीय सरकारले बनाउने या कुनै निजि क्षेत्रले बनाउने यसबारेमा पनि छलफल गरेर हामी निष्कर्षमा पुग्नेछौं जे होस काम प्रारम्भ भयो भन्ने चाहिं यहाँहरु समक्ष जानकारी गराउन चाहन्छु र एक स्थानीय तह एक खेल मैदान भनेकै छौं ।यो हाम्रो स्थानीय तह सँग सहकार्य गरेर सम्भव छ ।बहु साँस्कृतिक ग्राम अगि नै हामीले उल्लेख गरिसक्या छौं र प्रदेशमा प्रदेशको भाषा संस्कृति र धर्म भाषा संस्कृतिको संरक्षण गर्नको लागि हामीले प्रादेशिक प्रज्ञा प्रतिष्ठान निर्माण गर्ने कुरा गर्‍या छौं अगि हामीले यहाँ धैरै छलफलमा आएको प्रदेश भित्र बैंकिङ्ग प्रणालीलाई व्यवस्थित नगरिकन त्यस्ले हाम्रो उत्पादनको क्षेत्रलाई योगदान दिन सक्दैन उद्यमको क्षेत्रलाई योगदान दिन सक्दैन ।

उद्योगको क्षेत्र भन्दाखेरि हामीले ठुलो एउटा औद्योगिक क्षेत्र स्थापना गर्ने हाललाई प्रत्येक निर्वाचन क्षेत्रमा एउटा उद्योग ग्राम स्थापना गर्ने र एउटा पालिकामा एउटा ग्राम सम्भावना छ कि छैन। त्यस्को सम्भाव्यता अध्ययन यसपटक गर्ने डिपिआर तयार गर्ने त्यो काम भनेका छौं र लघुउद्यम विकासको लागि हामीले थोरै लगानीमा धैरै रोजगारी सृजना गर्न सक्ने र खास गरेर आफनो स्रोत र साधनमा हाम्रो कृषिजन्य हाम्रो वन कृषि क्षेत्रसँग सम्बन्धित भको हाम्रो क्षेत्रसँग सम्बन्धित भएको लघु उद्यमको धैरै महत्वपूर्ण भुमिका हुनसक्छ आर्थिक उन्नतीमा रोजगारी सृजनामा साथै साना र घरेलु उद्योगहरु प्रवर्द्धन गरेर हाम्रो आजको दिनसम्म हाम्रो प्रदेश सबभन्दा मेगा इन्डस्ट्री र फ्याक्ट्रीहरु बाहेक सानोसानो फ्याक्ट्रीहरु धैरै दर्ता भएको प्रदेश हाम्रो प्रदेश रहेछ। उद्योगको संख्या धैरै दर्ता भएको प्रदेश हाम्रो छ त्यो प्रोव्यावलिटि त्यो उद्यम लघुउद्यम, लघुउद्यमहरु, घरेलु उद्योगहरु, ठुलो उद्योगहरु, साना उद्योगहरुको संख्या धैरै भएर त्यस्तो भएको हुनसक्छ त्यसकारणले हाम्रो

आजको उद्योग क्षेत्र हेर्दाखेरि हामीले यो कुरालाई प्रायोरिटि दिनुपर्ने छ। त्यसकारणले हामीले आफनो स्थिति वस्तुगत स्थिति जे छ त्यसको आधारमा नीति बनायौं त्यो सफल हुन्छ। लि क्वान युले डाँकाहरुको सिङ्गापुरलाई बलै बल भाको सिङ्गापुरलाई सायद म कृषि उद्योग खोल्छु या लघु उद्योग चलाउँछु या कृषिमा आधारित उद्योग चलाउँछु भन्या भा उनी आजको सिङगापुर उस्ले पाउन सक्ने थिएन होला। उस्ले त्यहाँको परिस्थितिलाई ध्यानमा राखेर सिङ्गापुर एउटा पोर्ट हो यो पोर्टलाई फ्री पोर्टको रुपमा दर्ता गरेर हामीले तपाईंको बढि चाहिं एसेम्ब्लीङ्ग इस्युहरु सञ्चालन गर्‍यो भने आइटी बेस इन्डस्ट्री सञ्चालन गर्‍यो भने सफल हुन सक्छौं भनेर भने उनले कृषितिर लागेनन् उनी लघु उद्यमतिर लागेनन् उनी तर हाम्रो उल्टो पाटो के छ भने हाम्रो लघु उद्यम साना उद्योगहरु घरेलु उद्योगहरु हाम्रो आफ्नै स्रोत र साधनसँग आधारित उद्योगहरु हुन् त्यस्को अधिकतम् विकास गरेर हामी हाम्रो प्रदेशमा आर्थिक वृद्धिदर ८ प्रतिशतको दरले बढाउन चाहिरहेका छौं त्यसकारणले अब अन्तिममा म के भन्न चाहन्छु भने बैंकिङ्ग प्रणाली व्यवस्थित र बैकिङ्ग तपाईंको साक्षरता भएन भने बैंकिङ्ग प्रणाली व्यवस्थित भएन भने र उद्यम गर्ने मान्छेहरुले व्यवसाय गर्ने मान्छेहरुले या सरकारले अरु सबै चिजले पनि यो बैकिङ्ग व्यवस्थित बैंकिङ्ग प्रणाली भएन भने विकास अधुरो हुन्छ।

हामीले देखेका सपनाहरु पुरा गर्न गाह्रो हुन्छ त्यसकारणले बैकिङ्ग प्रणाली उचित गर्नुपर्छ र सप्पै स्थानीय तहमा यो बर्ष भित्र बैंकहरु स्थापना गर्नुपर्छ भनेर सरकारले तोकेका जो बाणिज्य बैकहरु छ उनीहरुसँग हामीले कुराकानी गरिराछौं त्यो स्थापना गर्नुपर्छ हामीले भन्या छौं र हाम्रो सुशासन कायम गर्नको लागि पहिलो कुरा हामीले एमआइएस सिष्टममा जानुपर्ने छ हामीले अब हाम्रो सबै संस्थाहरु सबै संस्थालाई मेनेजमेन्ट एण्ड इन्फरमेसन सिष्टम नगैकन नलगिकन हाम्रो व्यवस्थापन हुने छैन सायद तपाईंको भारतिय गएको चुनाव आम निर्वाचनमा जनता भारतीय जनता पार्टीले त्यति धेरै तपाईंको पपुलारिटी हासिल गर्नुमा एमआइएस सिष्टमको महत्वपूर्ण कमाल छ किनभने काँग्रेस पार्टी सयौं बर्षदेखि असी नब्बे बर्षदेखि शासन गरिराख्या छ भ्रष्टाचारमा लिप्त छ कुनै तथ्यांक उसँग दुरुस्त छैन अब मोदीहरु सँग सप्पै तथ्यांक दुरुस्त एमआइएस सिष्टमले सप्पै कुराहरु उस्ले एउटा औंलाले थिचेको भरमा सप्पै कुरा सबैतिर लिइराछ त्यसकारणले उस्ले रणनीति बनाछ अनि तपाईंको

काँग्रेस आई हेऱ्याहेऱ्यै भयो त्यसकारणले हाम्रो विकासको लागि पनि हाम्रो संस्थाहरुको विकासको लागि त्यसको क्यापासिटी विल्ड अप गर्नको लागि त्यल्ले कसरि चाँडो भन्दा चाँडो धेरै भन्दा धेरै थोरै समयमा सेवा दिन भन्नको लागि पनि एमआइएस सिष्टममा हामी नगइकन धरै छैन यस्को लागि हामीले इगभर्नेन्सको कुराकानी गऱ्याछौं।यसको लागि हामीले ब्रोड ब्यान्टको कुराकानी गऱ्याछौं सबै ठाउँमा त्यसकारणले हाम्रो सुशासन हामीले इगभर्नेन्स माष्टरप्लान बनाउने भन्याछौं। हामीले माष्टरप्लानको नीत तयार गरिसक्या छौं। त्यो इगभर्नेन्स माष्टरप्लान प्रयोग गरेर हामीले ५ बर्षभित्र टोटल कम्प्लिट इगभर्नेन्समा हाम्रो प्रदेशलाई लान चाहन्छौं ।त्यसले भ्रष्टाचार नियन्त्रणमा महत्वपूर्ण योगदान दिने छ। हाम्रो प्रदेशको जनताहरुले सरल तरिकाले सस्तो तरिकाले छिटो सेवा प्राप्त गर्ने कुरामा लाभ लिन सक्नेछन यसो गरेर मात्र हाम्रो हामीले हाम्रो संघीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ गर्न सक्ने छौं जनताको विश्वास भर्न सक्ने छौं।यि कुराहरू राखेर त्यसकारण अर्कोचाहिं एउटा कुरा के छ भने तपाईंलाई सबैलाई अनुभुत भएको बिषय होला अनलाइनमा त्यो छाडा छ त्यसमा कुनै सेन्सरसिप छैन कुनै नीति छैन जसले जे लेखिदिएपनि हुन्छ हैन त्यसकारणले अब हाम्रो बिद्युतिय सञ्चार माध्यम सम्बन्धी नीति तर्जुमा हामीले यसपटक हामीले गर्नुपर्ने छ र प्रदेश प्रहरी यसपटक हामीले गठन गरेर छोड्नुपर्ने छ।प्रदेशको अनुसन्धान व्युरो हामीले गठन गर्नुपर्ने छ किनभने प्रदेशको शान्ति सुरक्षा कायम गरेर त्यसलाई हाम्रो प्रदेशको अनुसन्धान व्युरो प्रदेश प्रहरी संगठन लगायतका संगठनहरुलाई हामीले त्यसको पूर्वाधार निर्माण गरेर त्यसलाई आधुनिकीकरण गरेर त्यसलाई प्रोसनालाइजेसन गरेर व्यवसायीकरण गरेर त्यल्लाई चुस्त दुरुस्त बनाएर हामीले हाम्रो प्रदेशको शान्ति सुरक्षालाई हामीले मजबुत बनाउन सक्छौं त्यसकारणले त्यो शान्ति सुरक्षा मजबुत नभैकन हामीले देखेका छौं हामीले विकास निर्माणका कामहरुलाई अगाडि बढाउन सक्याछैनौं भ्रष्टाचारलाई नियन्त्रण गर्न सक्याछैनौं गुण्डागर्दीलाई नियन्त्रण गर्न सक्याछैनौ यसकारणले त्यो काममा हामीले सफलता प्राप्त गर्नको लागि यी कुराहरु सोचेका छौं।

हामीले अहिले हामीले ओ एण्ड एमको रिपोर्ट पठाएका छौं केन्द्रीय यो सामान्य प्रशासन मन्त्रालयले मागेको आधारमा थुप्रै प्रदेशहरुले थोरै थोरै दुई चार सय दुई चार सय मागेर पठाए

हामीले शुरुमै ३२ सयको माग गरेर पठायौं ।अनि उनीहरुले हाम्रो ओ एण्ड एम रिपोर्टलाई आधार मानेर केन्द्रले त्यसलाई मोडल मानेर एउटा चाहिं सप्पै प्रदेशलाई उसले कर्मचारीहरुको दरबन्दी निर्धारण गर्‍यो अहिले हामी त्यो भन्दा बढि पाउँछौं कि भन्ने पिर छ ।हामीले पाउँदाखेरि हामीले रोजेको हामीले खोजेको हामीले चाहेको जस्तो कर्मचारी आइदिए त हुन्थ्यो संख्या धेरै आएर के गर्ने हामीले नचाहेको जस्तो हामीले नखोजेको जस्तो त्यस्तो आइदियो भने हामीलाई फेरि त्यो चाहिं व्ययभार मात्रै बढ्ने स्थिति पनि देखिन्छ त्यसकारणले हामीले अब आज हामीलाई चाहिने जो जनशक्ति हुन्छ त्यो जनशक्तिलाई व्यवस्थापन गर्नको लागि प्रदेश लोकसेवा आयोग हामी बनाउनु पर्छ यसपटक यस्को पनि हामीले सोच बनाएका छौं।हामीले नीति र कार्यक्रम योजना आयोग  गठनका लागि गठन आदेश जारि गर्‍याछौं निर्णय गरिसक्याछौं ।अब नीति र योजना आयोग निर्माण गरेर त्यसभित्र पब्लिक प्राइभेट पार्टनरसिपको एउटा छुट्टै चाहिं युनिट राखेर र लगानी बोर्डसँग समन्वय कायम गर्ने अर्को युनिट राखेर विकास निर्माणका योजनाहरु बनाउने अर्कै युनिट राखेर त्यल्लाई हामी व्यवस्थित गर्नेछौं र लगानी बोर्ड सँगको सहकार्यमा हामीले पीपीएको मोडेल अनुसार हामीले कसरि निजि क्षेत्रको त्यो बाह्य आन्तरिक जे पनि हुन सक्छ निजि क्षेत्रको लगानीलाई कसरि हाम्रो प्रदेशको महत्वपूर्ण आयोजनाहरुमा उनीहरुको बिजनेश बढाउने भनेर हामीले यो बर्ष सम्भवत अक्टुवर नोभेम्बर तिर हुन सक्छ हामी लगानीमैत्री के रे लगानी सम्मेलन आयोजना गर्दैछौं यल्ले पनि हाम्रो प्रदेश कहाँ जाँदैछ भन्ने कुराको एउटा मार्गदर्शन गर्छ भन्ने मलाई लाग्छ ।यति कुराहरु यहाँहरु समक्ष राख्दै अब आज जहाँ हामी छौं यो हामी आर्काको सम्पत्तिमाथि बसिराछौं यो चाहिं तपाईंको नगर प्रशिक्षण केन्द्र हो अब हाम्रो प्रदेशमा करिब करिब बार्‍ह तेर्‍ह हजार होला जनसंख्या मलाई ठ्याक्कै  अहिले आएन हाम्रो जनप्रतिनिधिहरुको कुरा प्रदेश सभाको सबै संख्या देखि लिएर तल गाउँ तहसम्म जाँदाखेरिको जनप्रतिनिधिहरुको त्यति धेरै संख्या छ उनीहरुलाई प्रशिक्षण दिनुपर्ने जरुरी छ र हाम्रो प्रदेशमा चाहिं करिब ३२ हजार त नाघ्छहोला स्थानीय तह र हाम्रो गरेर कर्मचारीहरु त्यसो हुँदा खेरि करिब करिब चालिस पचास हजार मानिसहरुलाई हामीले निरन्तर नियमित रुपमा व्यवस्थित रुपमा तालिम प्रदान गर्नुपर्ने छ प्रशिक्षण दिनुपर्ने छ त्यसको लागि हामीलाई एउटा तालिम केन्द्र एकिकृत तालिम केन्द्र जरुरी छ ट्रेडिङ्ग सेन्टर जरुरी छ र त्यो

ट्रेडिङ्ग सेन्टरको ठाउँ हामीले यसैलाई भनेका छौं।त्यसकारणले तपाईंले किन यहाँ बनाएन यसो गरेन भन्नेकुरा गरिराहोला हाम्रो भौतिक पूर्वाधार समितिले हाम्रो क्याविनेटले के फैसला गऱ्या छ भनेदेखि पहिलो रोजाई जुन ठाउँमा यो छ त्यहि ठाउँमा त्यो बनाउने हामी बरु तपाईंको हाम्रो प्रदेश सभाको लागि अरु ठाउँमा खोजिराछौं त्यसकारणले त्यो केन्द्र हामीले यहिं बनाउने भन्या छौं फेरि पनि छलफल हामी गर्न सक्छौं।

यो सप्पै कामहरु गरेर र हामीले सप्पै भनेका कुराहरु कसरी कार्यान्वयन गर्ने कसरी त्यस्को त्यो अनुगमन गर्ने भनेर मुख्यमन्त्रीको नेतृत्वमा एउटा वार रुमको स्थापना गर्ने आधुनिक प्रविधिले युक्त त्यहाँ सप्पै योजनाहरुको चाहिं त्यहिं बसेर उसले हेर्न सक्छ योजनाहरुको डेभलपमेन्ट कहाँ छ योजनाहरु कुन चरणमा पुग्या छ कसरि काम भैराछ कसले ठगिराछ कसले गऱ्या छैन अनि त्यहिंबाट हामीले अन द भेरि स्पोट कारवाहि गर्न सक्छौं हामी त्यसैले त्यो युद्धकोठा भनेर त्यसै भन्या होइन ।त्यसको प्रावधानबाट हामीले यो प्रदेशको हामीले देखेका सपनाहरु जस्तो प्रतिपक्ष सदस्यहरुले अरुपनि माननीय सदस्यहरुले कार्यक्रम राम्रो छ धेरै महत्वाकाँक्षी भयो कि कार्यान्वयन गर्न सकिदैन कि हुँदैन कि भन्ने कुरा हामी चाहिं धेरै सचेत भाछौं ।तपाईंहरुको सुझावको लागि हामी धन्यवाद दिन चाहन्छौं आभार व्यक्त गर्न चाहन्छु।तपाईंहरुको जुन सरोकार छ कार्यान्वयन हुँदैन कि भनेर यो हामीले कार्यान्वयन गरेर छोड्छौं यसका लागि हामीले धेरै कुराहरुको म्यानेज गरेका छौं जनशक्तिको व्यवस्थापन राम्रोसँग गर्ने भन्याछौं अरु थुप्रै कुराहरुको संरचनाको प्रबन्ध हामीले चाँडै गर्ने भन्याछौं र त्यसलाई चाहि स्पिटाइज गर्नका लागि त्यसलाई कन्ट्रोल गर्नको लागि मुख्यमन्त्रीको नेतृत्वमा एउटा वार रुमको व्यवस्था गरेका छौं यि सबै कामहरुको माध्यमबाट हामीले हाम्रो अनुगमन र कार्यान्वयनलाई व्यवस्थित गर्न सकियो भने निरिक्षण व्यवस्थित गर्न सकियो भने बेलैमा काम गर्न सकिन्छ भन्ने हामीलाई विश्वास छ तसर्थ माननीय सभामुख महोदय संघियता कार्यान्वयनको शुरुआती क्रममा भर्खरै सञ्चालनमा आएको प्रदेश सभा र प्रदेश सरकारको प्रमुख दायित्व यसको असल अभ्यास र सबलीकरण गर्नु नै हो यसको लागि सरकारको ध्यान केन्द्रित गर्न प्रस्तुत नीति कार्यक्रमले लक्ष्य निर्धारण गरेको छ। सरकारले प्रस्तुत गरेको नीति तथा कार्यक्रमको कार्ययोजना बनाई आगामी बर्षको शुरुआत देखि नै कार्यान्वयन गरिने छ।

यो नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनबाट समृद्ध प्रदेशको आधार तयार हुने विश्वास लिएको छु। साथै अन्तर प्रदेश प्रतिस्पर्धामा यो नीति र कार्यक्रमको कार्यान्वयनबाट यो प्रदेश सर्वोत्कृष्ट हुने अपेक्षा गर्दछु। प्रस्तुत भएको नीति तथा कार्यक्रमको कार्यान्वयनबाट प्रदेशबासीको जीवनस्तरमा सकारात्मक परिवर्तन आउने विश्वास लिएको छु। नीति तथा कार्यक्रमको नतिजा प्राप्त गर्नेगरि कार्यान्वयनमा सम्मानित सभाका समितिहरु, माननीय सदस्यज्युहरु, राजनैतिक दल, निजि क्षेत्र, नागरिक समाज, पत्रकार जगत प्रति हिजोको जस्तै साथ र सहयोगको आज पनि अपेक्षा गरेको छु । धन्यवाद ।

## माननीय सभामुख

अब यो छलफल यहिं समाप्त हुन्छ ।

माननीय सदस्यहरु मिति २०७५ जेठ २५ गते माननीय प्रदेश प्रमुखद्वारा सभा समक्ष प्रस्तुत आर्थिक बर्ष २०७५/७६ को बार्षिक नीति तथा कार्यक्रमलाई प्रदेश सभा नियमावलीको नियम ३८ को उपनियम ३ बमोजिम माननीय मुख्यमन्त्री श्री पृथ्वीसुब्बा गुरुङलाई पारित गरियोस् भन्ने प्रस्ताव सभा समक्ष प्रस्तुत गर्न अनुरोध गर्दछु ।

## माननीय मुख्यमन्त्री श्री पृथ्वीसुब्बा गुरुङ

माननीय सभामुख महोदय, माननीय सभामुख महोदयको अनुमतिले नेपालको संबिधानको धारा १८४ को उपधारा २ बमोजिम तथा प्रदेश नं ४ प्रदेश सभा नियमावली, २०७४ को नियम ३५ को उपनियम १ र २ बमोजिम माननीय प्रदेश प्रमुख श्री बाबुराम कुँवर ज्युले मिति २०७५ जेष्ठ २५ गते यस प्रदेश सभामा बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्नुभएकोमा प्रदेश सभा नियमावलीको नियम ३८ को उपनियम ३ बमोजिम उक्त नीति तथा कार्यक्रम पारित गरियोस भनि सभा समक्ष यो प्रस्ताव प्रस्तुत गर्दछु । धन्यवाद ।

## माननीय सभामुख

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ** भन्नुहोला र यसको विपक्षमा हुने

माननीय सदस्यहरुले **हुन्न** भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ** भन्नुहोस ।

यसको विपक्षमा हुने माननीय सदस्यहरुले **हुन्न** भन्नुहोस ।

**हुन्छ** भन्ने माननीय सदस्यहरुको बहुमत भएकोले मिति २०७५ जेठ २५ गते प्रदेश प्रमुख द्वारा सभा समक्ष प्रस्तुत आर्थिक बर्ष २०७५/७६ को बार्षिक नीति तथा कार्यक्रम प्रदेश सभा नियमावली को नियम ३८ को उपनियम ३ बमोजिम माननीय मुख्यमन्त्री श्री पृथ्वीसुब्बा गुरुङले पारित गरियोस् भनि सभा समक्ष प्रस्तुत प्रस्ताव बहुमतले पारित भएको घोषणा गर्दछु ।

## माननीय सभामुख

**माननीय सदस्यहरु, अब यो बैठक २०७५ साल जेठ ३० गते दिनको २ बजे सम्मको लागि स्थगित हुन्छ ।**